का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ फागुन २०८१,
आइतबार
16 February, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




पर्यावरण चिन्ता

# हिउँदे खडेरीको चपेटामा नेपाल



यस पटक जाडो महिनामा वर्षा नहुँदा हिमाली क्षेत्रमा हिउँको मात्रा कम भएको छ । त्यसले नदी प्रणाली र तल्लो भूभागमा बसिरहेका मानिसहरूलाई प्रभावित परिरहेको छ

**डा. धर्मराज उप्रेती**
जलवायुविद्

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

यस वर्ष नेपालमा हिउँदे वर्षा कमजोर भएको छ । हिउँदे वर्षा कमजोर हुँदा हिउँदको बेला हिमालहरू हिउँ नपर्दा कालापत्थरमा परिणत भएका छन् ।

१६ मंसिरदेखि १६ फागुनसम्मको समयलाई हिउँदे अवधि मानिन्छ । यस अवधिमा ६० मिलिमिटरसम्म वर्षा हुने गर्छ । तर, यस वर्ष हिउँद अवधि सकिनै लाग्दा हालसम्म ९ दशमलव ५ प्रतिशत मात्र वर्षा भएको छ । जलवायु विज्ञहरूकाअनुसार यो भनेको साह्रै सुख्खा अवस्था हो ।

यस वर्ष हिउँदे अवधि सकिन २ हप्ता मात्र बाँकी छ तर ठूलो वर्षाको सम्भावना छैन । यसैले यो वर्ष सुख्खा हिउँदे वर्षका रूपमा बित्ने जलवायुविज्ञहरू बताउँछन् ।

यस वर्ष मनसुनमा औसतभन्दा धैरै वर्षा भएको थियो भने मनसुनपछिको अवधिमा गएको वर्षभन्दा केही कम पानी परेको थियो ।

## २ दशकदेखि सुख्खा

नेपालमा हिउँदका ३ महिनामा करिब ६० मिलिमिटर वर्षा हुँदाको अवस्थालाई सामान्य मान्ने गरिन्छ । पछिल्ला धैरै वर्षहरू भने सुख्खा भएका छन् ।

२०८० सालको हिउँदमा सरदर वर्षाको झन्डै २१ प्रतिशत अर्थात् १२ दशमलव ५ मिलिमिटर मात्र वर्षा भएको थियो । त्यसभन्दा अघिल्लो सालको हिउँदमा समेत सरदरको एक चौथाइ मात्र वर्षा भएको थियो । वर्षभर हुने वर्षाको करिब ८ देखि १० प्रतिशत पानी हिउँदमा पर्नुपर्ने मौसमविद्हरू बताउँछन् । »» पृष्ठ २ मा



बाक्लिँदै ओजोन तह

# थप सुधारको नीतिमा नेपाल

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

नेपालले ओजोन तहमा थप सुधार गर्ने नीति अवलम्बन गर्न भएको छ । यससँग सम्बन्धित मोन्ट्रियल प्रोटोकल अनुमोदन गर्ने विषय सरकारले अगाडि बढाउँदै छ ।

> मोन्ट्रियल प्रोटोकल ओजोन तहको संरक्षणसँग सम्बन्धित छ । ओजोन तह नष्ट गर्ने रसायन तथा पदार्थको उत्पादन एवं खपत कम गर्ने यसको लक्ष्य छ

आइतबार वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले मोन्ट्रियल प्रोटोकल किगाली संशोधनमाथि छलफलका लागि प्रस्तुत गर्दै छन् । मोन्ट्रियल प्रोटोकल ओजोन तहको संरक्षणसँग सम्बन्धित छ । ओजोन तह नष्ट गर्ने रसायन तथा पदार्थको उत्पादन एवं खपत कम गर्ने यसको लक्ष्य छ । छलफलपछि यसलाई अनुमोदन गर्ने तयारी छ । सरकारले अनुमोदनका लागि संसद्मा प्रस्ताव लगेको हो ।

ओजोन तह पातलिँदै गएपछि सुधारका लागि १६ सेप्टेम्बर १९८७ मा क्यानडाको मोन्ट्रियल शहरमा ओजोन तह संरक्षणका लागि चाल्नुपर्ने कदमका विषयमा अन्तर्राष्ट्रिय सन्धि भएको थियो । त्यसबेला २४ देशले सम्झौतामा हस्ताक्षर गरेका थिए । »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वार्षिक सय प्रावधान हटाउन ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायीको इजाजत नवीकरण गर्दा वार्षिक सय जना कामदार पठाएको हुनुपर्ने प्रावधान हटाउन मन्त्रीदेखि संसद् सचिवालयका महासचिवसम्मको ध्यानाकर्षण गराएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (घ) मा प्रत्येक आर्थिक वर्षको असार मसान्तमा नवीकरण गराउनुपर्ने र नवीकरण गराउँदा वार्षिक सय जना कामदार पठाएको विवरण अनिवार्य रूपमा पेस गर्नुपर्ने प्रावधान छ । गत वर्ष २६० भन्दा बढी व्यवसायीले वार्षिक सय जना कामदार पठाउन सकेका थिएनन् । मन्त्रिपरिषद्ले अन्तिम पटकका लागि भन्दै बाधा अड्काउ फुकाउ आदेश जारी गरेको थियो । गत वर्ष अन्तिम पटक भनी किटान गरिएको »» पृष्ठ २ मा

## ‘४०० बढी व्यवसायीको भविष्य खतरामा परेपछि निर्वाचन रोक्नुपर्‍यो’



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूवअध्यक्ष विमलप्रसाद ढकालले ४०० भन्दा बढी व्यवसायीको व्यवसायिक भविष्य खतरामा परेपछि २ फागुनका लागि तोकिएको संघको निर्वाचन रोक्नुपरेको बताएका छन् । मध्यान्हसँग कुरा गर्दै पूर्वअध्यक्ष ढकालले निर्वाचनको परिणामले निम्त्याउन सक्ने सम्भावित अन्योल र गतिहीन अवस्थालाई रोक्न पनि आफूसहितका केही अग्रज व्यवसायीले निर्वाचन सार्न संघलाई निवेदन लेखेको भन्दै संघको वर्तमान नेतृत्व र व्यवसायीको पहलले संख्या सयको समाधान हुने आफ्नो विश्वास रहेको बताए । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्षसमेत रहेका व्यवसायी ढकालले एसोसिएसन स्थापनाकालको घोषित उद्देश्यमा केन्द्रित नभई व्यवहारमा अपरिपक्वता देखाउन थालेको भन्दै मातृपार्टी नेपाली कांग्रेसले समयमै चासो नराखे एसोसिएसन दुर्घटनामा पनि पर्न सक्ने आफ्नो आँकलन रहेको बताए ।

पूर्वअध्यक्ष ढकालसँगको कुराकानी पृष्ठ ८ मा हेर्नुहोस्

संविधान संशोधन

# एजेन्डा बन्यो भएन कार्यान्वयन






अग्रगमनको पक्षमा संविधान संशोधन गर्न सरकार पक्षले चाहेको छैन

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष
नेकपा (माओवादी केन्द्र)



संविधान संशोधन गर्न कार्यदल बनाउन उच्चस्तरीय राजनीतिक संयन्त्रमा सहमति भइसकेको छ ।

**रमेश लेखक**
गृहमन्त्री

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

संविधान संशोधनको मूल मुद्दा बोकेर सत्ता सहकार्य गरेका संसद्का २ ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले ७ महिना बितिसक्दासमेत संविधानन संशोधनको ठोस प्रक्रिया अघि बढाउन सकेका छैनन् । गत ३० असारमा प्रधानमन्त्री बनेका एमाले अध्यक्ष केपी शर्मा ओली र उनलाई साथ दिने कांग्रेस सभापति शेरबहादुर देउवाको संविधान संशोधनको विषय बेला बखत हुने भाषणमै सीमित भएको हो । »» पृष्ठ २ मा

# कारागारमा निर्दोष बालबालिका

कर्णालीमा अहिलेसम्म पनि बालगृह स्थापना हुन सकेको छैन । गत १९ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले बाल सुधारगृह स्थापना तथा संचालन गर्ने निर्णय गरेको छ । तर, उक्त प्रक्रिया भने अघि बढ्न सकेको छैन




**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३ फागुन ।

कर्णालीका विभिन्न जिल्लामा रहेका कारागारमा आमाबुबासँगै केही बालबालिकाले समेत बिनाकारण कारागारमा बस्नुपर्ने बाध्यता छ । कर्णालीमा बालगृह नहुँदा पनि बालबालिकाहरू विभिन्न आपराधिक घटनामा जोडिएका बाबुआमासँगै कारागारमा बस्ने गरेका पाइएको हो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले दिएको तथ्यांकअनुसार आमाबाबु कसुर ठहर हुँदा बालबालिका पनि आमासँगै कारागार बस्नुपर्ने बाध्यतामा छन् ।

बालबालिकाहरूको संख्या जिल्लागत हेर्ने हो भने सुर्खेत, सल्यान र रुकुमपश्चिममा उस्ताउस्तै छ । कर्णालीका कारागार भएका ९ जिल्लामध्ये ३ जिल्लाका गरी करिब ७ जना बालबालिका अहिले पनि आमाबुबासँगै बन्दी बनेर दिन काटिरहेका छन् । मुगुमा भने कारागार छैन । कारागार भएका दैलेखमा १ जना बालिका, रुकुम पश्चिममा २ जना बालक, सल्यानमा २ बालिका, १ बालक र सुर्खेतमा २ बालिका कारागारमा आश्रित जीवन बिताइरहेका छन् ।

कानुनी विवादमा परेका बालबालिकालाई वयस्क अपराधीसँग थुनामा नराखी बाल सुधारगृहमा राख्नुपर्ने कानुनी व्यवस्था छ । तर, कर्णाली प्रदेशका ९ जिल्लामा कानुनी विवादमा परी सजाय भोगिरहेका आमाबाबुसँगै बालबालिकालाई राख्ने बालगृह नहुँदा कर्णाली प्रदेशका बालबालिकालाई नेपालगन्ज, भक्तपुर, पोखरा र धरान पठाउने गरिएको छ । आमाबाबु वा संरक्षकविहीन, बेवारिसे, असहाय, अनाथ, आपराधिक क्रियाकलापमा संलग्न बालबालिकाहरूलाई आश्रय र खानपिन, सुरक्षा, पालनपोषण तथा शिक्षा प्रदान गर्ने बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकताअनुसार बालगृहको स्थापना, संचालन »» पृष्ठ २ मा

### २ दशकदेखि...

नोभेम्बर महिना नेपालका लागि धेरैजसो सुख्खा हुने हुँदा 'पोस्ट मनसुन' अवधिमा सबैभन्दा कम पानी पर्ने उनीहरू बताउँछन् ।

नेपालमा सबैभन्दा बढी अर्थात् झन्डै ८० प्रतिशत वर्षा मनसुनमा हुने गर्छ । देशका विभिन्न स्थानमा रहेका २० वटा मुख्य केन्द्रमा मापन गरिने ३० वर्षको औसत हिउँदे वर्षालाई सरदर वर्षा भनिन्छ । त्यसकै आधारमा हेर्दा पछिल्लो झन्डै २ दशकमा नेपालमा धेरैजसो हिउँद सुख्खा पाइएका छन् ।

मौसमविद्हरूले यस वर्ष हिउँदमा सरदरभन्दा कम वर्षा हुने औंल्याएका थिए । हिउँदे वर्षा कम हुँदा त्यसले हिमालमा हिउँ कम देखिनुबाहेक नदीमा पानीको स्तर घट्ने र हिउँदे बालीहरूमा पनि असर गर्ने अधिकारीहरू बताउँछन् ।

२०६२ सालमा हिउँदमा निकै कम अर्थात् औसत ७ दशमलव १ मिलिमिटर पानी परेको थियो । यस्तै, २०६३ सालयता जम्मा ५ वर्षका हिउँदमा मात्र नेपालमा सरदरभन्दा धेरै वर्षा भएको छ ।

मौसम अधिकारीहरू हिउँदमा धेरै पानी पर्ने सम्भावना टरेको जनाउँदै नेपालले 'हिउँदे खडेरी' सामना गरिरहेको बताउँछन् ।

मौसम पुर्वानुमान महाशाखाका बरिष्ठ मौसमविद् मीनकुमार अर्यालका अनुसार यस पटक हिउँद याममा भित्रिएको पश्चिमी न्यून चापीय प्रणाली सक्रिय नै भएन । 'हिउँदे वर्षा नहुँदा हिमालहरू नांगा पहाडमा परिणत भएका छन्', उनले भने, 'हालसम्मको अवस्थामा पहिलेका हिउँदमा हुने सरदर वर्षाको करिब ९ प्रतिशत मात्र वर्षा भएको छ ।'

#### जलवायु परिवर्तनको असर

उच्च पहाडी र हिमाली भूभागमा बदली भएन भने हिमपात नै हुँदैन । बदली हुने प्रणाली नै नआइसकेपछि हिमालहरूमा पत्थर देखिन थालेको हो । पछिल्ला केही वर्षमा बझाङको सैपाल हिमालदेखि पछिल्लो समय पोखरा नजिकैको माछापुच्छ्रे हिमाल कालो पत्थरमा परिणत भएका जानकारहरू बताउँछन् ।

हिमालमा त्यसरी हिउँ कम हुनुमा मौसमी चक्रमा देखिएको परिवर्तन जिम्मेवार भएको जलवायु विज्ञहरू बताउँछन् ।

जलवायुविद् डा. धर्मराज उप्रेतीका अनुसार नेपालको सबैभन्दा बढी पानी पर्ने ठाउँ भनेर चिनिने पोखरामा समेत यो हिउँदमा वर्षा भएको छैन । यस्तै, सिमरा, विराटनगर, धनकुटा जस्ता वर्षा हुने क्षेत्रसमेत यस पटक सुख्खा यामबाट गुज्रिएका छन् ।

विज्ञहरू जलवायु परिवर्तनका कारण यस्तो अवस्था आएको हुन सक्ने बताउँछन् । उप्रेतीले भने, 'यति धेरै कम हिउँ हुनुको मुख्य कारण हिउँ पर्ने र पानी पर्ने समयमा पनि त्यस्तो नहुनु नै हो । माछापुच्छ्रे मात्र होइन, अन्य हिमालमा पनि यति बेला कम हिउँ देखिएको छ ।'

हिमालमा कम हिउँ देखिँदा वरपरको प्राकृतिक सुन्दरतामा मात्र कमी आउने नभई त्यसले तल बग्ने नदी प्रणालीमा बहने पानीदेखि जनजीविकासम्म असर पुऱ्याउने विज्ञहरू बताउँछन् ।

यस वर्ष मनसुनको अवधि औसतभन्दा लामो थियो भने त्यसक्रममा देशका अधिकांश भागमा औसतभन्दा बढी वर्षा भएको थियो । जुनदेखि सेप्टेम्बर महिनासम्म भएको वर्षाको आँकडा सन् १९८१ यताकै सर्वाधिक थियो ।

इन्टरनेसनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (इसिमोड)ले हिउँको सेतो कम्बलले ढाकिएका हिमालहरू नांगा देखिएका र यो चिन्ताको विषय भएको जनाएको छ ।

केही दिनदेखि तराईमा हुस्सु र कुहिरो लाग्नुका साथै शीतलहर पनि चलेको छ । तर, काठमाडौं उपत्यकासहित पहाडी भूभागमा मौसम सफा देखिएको छ ।

काठमाडौं उपत्यका र पहाडी भूभागमा मौसम सफा भई दिनभर घाम लाग्दा माघ महिनामै गर्मी लाग्ने संकेत देखिएको पनि जनाइएको छ ।

यद्यपि, मौसमविद्हरू पश्चिमी न्यून चापीय प्रणाली कमजोर हुँदाको अवस्थाले मौसम सफा भएको बताउँछन् ।

'यस पटक जाडो महिनामा वर्षा नहुँदा हिमाली क्षेत्रमा हिउँको मात्रा कम भएको छ र त्यसले नदी प्रणाली र तल्लो भूभागमा बसिरहेका मानिसहरूलाई प्रभावित परिरहेको छ', उप्रेतीले भने ।

#### डढेलाको जोखिम

अधिकारीहरूले खासगरी पहाडी क्षेत्रमा मौसम सफा हुनुका साथै सुख्खा बढेकाले कतिपय स्थानमा डढेलो लागेको छ । क्रमशः बढ्दो तापक्रम र हिउँदे वर्षा कम भएकाले डढेलो लाग्ने गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हिउँद सुख्खा हुँदा जाडोयाम नसकिँदै धेरैतिर डढेलोका घटना देखिन थालिएको छ ।यस पटक हिउँदमा निकै कम पानी परेका कारण डढेलोको घटना बढेको हो । सामान्यतः मध्य वैशाखतिर सबैभन्दा बढी डढेलो देखिने हुँदा मध्य माघदेखि सम्भावित जोखिम बढेको छ ।

जल तथा मौसम विज्ञान विभागका अधिकारीहरूले यस जाडोमा सरदर पर्नुपर्नेमध्ये करिब १० प्रतिशतजति मात्र वर्षा नहुँदा डढेलोका घटना धेरै हुने सम्भावना रहेको चेतावनी दिएका छन् ।

खासगरी प्री-मनसुन अवधिमा नेपालमा धेरै डढेलो लाग्ने प्रवृत्ति देखिन्छ । तर, अधिकारीहरू सबै याममा नेपालमा डढेलो लाग्ने गरेको बताउँछन् ।

सन् २००२ देखि नेपालमा डढेलोको विवरण राख्न थालिएकामा सन् २०२१ मा सबैभन्दा ठूलो प्रकोप देखिएको थियो । हालसम्मकै सबैभन्दा ठूलो डढेलो प्रकोप सन् २०२१ मा भएको थियो । त्यस वर्ष ६ हजार ३०० भन्दा धेरै डढेलोका घटना देखापरेका थिए ।

### थप...

यसमा सहमत हुँदै नेपालले सन् १९९४ मा भियना महासन्धि र मोन्ट्रियल प्रोटोकलमा हस्ताक्षर गरेको थियो ।

विश्वका धेरैजसो देश यसमा सहमत भइसकेका छन् । संयुक्त प्रयासमा ओजन तह केही बाक्लिएको वैज्ञानिक अनुगमन अनुसन्धानले देखाएको छ ।

नोआ र नासाका वैज्ञानिकहरूले सेप्टेम्बरदेखि मध्य अक्टोबरसम्म ओजन तहको अनुगमन गरेका थिए । उनीहरूले यस पटक ओजन तहमा रहेको प्वाल इतिहासकै सातौं सानो प्वाल भएको पत्ता लगाएका छन् । यो अनुगमन अनुसन्धान गत वर्षको अन्तिममा सकिएको थियो ।

हरेक वर्ष ओजोनमा मौसमी रूपमा ठूलो प्वाल देखिने गरेकामा सन् २०२४ को अन्त्यमा उक्त प्वाल निकै सानो देखिएको अनुगमन अनुसन्धानले देखाएको छ ।

वैज्ञानिकहरूका अनुसार पृथ्वीको वायुमण्डलमा रहेको ओजन तहले जीवित प्राणीहरूलाई सूर्यका हानिकारक किरणहरूबाट बचाउँछ । ओजोन तहले किरणहरूलाई पृथ्वीको वायुमण्डलमा प्रवेश गर्नबाट रोक्छ । यो ओजोन तह हरेक वर्ष पातलो हुँदै गइरहेको भन्ने रिपोर्ट निरन्तरजसो आइरहेका बेला गत वर्ष केही बाक्लिएको रिपोर्ट आएको हो ।

ओजोन तहमा देखिने प्वाल सानो भएको पाइएसँगै ओजोन तह पुनः प्राप्ति भइरहेको भन्ने देखाउँछ । यही बेला नेपालले थप सुधारको नीति लिनेगरी मोन्ट्रियल प्रोटोकल अनुमोदन गर्न लागेको हो ।

### वार्षिक...

मन्त्रिपरिषद्को निर्णयमा उल्लेख भएकाले ऐनको दफा १३ को उपदफा संशोधन नभएको अवस्थामा व्यवसायीले पेसाबाट नै हात धुनुपर्ने अवस्था आएको संघका पूर्वअध्यक्ष विमलप्रसाद ढकाल बताउँछन् ।

शुक्रबार संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा महासचिव मेघनाथ भुर्तेल, संघका सचिव कर्णराज कटुवाल, पूर्वअध्यक्ष विमलप्रसाद ढकाल, पूर्वमहासचिव सुजितकुमार श्रेष्ठ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, प्रगतिशील वैदेशिक वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका अध्यक्ष जनक रावल, कार्यसमिति सदस्य बैकुण्ठ पौडेल 'वैभव', मञ्चका कोषाध्यक्ष शीतल मैनालीलगायतको प्रतिनिधिमण्डलले वैदेशिक रोजगार ऐनको दफा १३ को खण्ड (घ) खारेजीको प्रक्रियालाई टुंगोमा पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट पहल गरिदिन आग्रह गरेको हो ।

व्यवसायीको प्रतिनिधिमण्डलले नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला, संघीय संसद् सचिवायका महासचिव पदमप्रसाद पाण्डे, वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीलगायतसँग छलफल गरी व्यवसायीहरूलाई छिटो राहत दिन अनुरोध गरेको संघका महासचिव भुर्तेलले मध्यान्ह दैनिकलाई बताए ।

मन्त्री, नेताहरूले व्यवसायीको समस्यालाई गम्भीर रूपमा लिँदै उक्त प्रावधान हटाउने आश्वासन दिएका भेटमा सहभागी व्यवसायीहरूको भनाइ छ । विशेषगरी उक्त कानुनी व्यवस्थाका कारण ४५० भन्दा धेरै व्यवसायीहरू मर्कामा परेका भन्दै व्यवसायीहरूले तत्काल उक्त प्रावधान संशोधनको आवश्यकता औंल्याएका थिए ।

### एजेन्डा...

संविधानका कुनकुन विषय संशोधन गर्ने भनेर विज्ञ सम्मिलित अध्ययन कार्यदल बनाउने कुरा दलहरूको प्राथमिकतामा पर्न सकेको छैन । संविधान प्रारम्भ भएको १० वर्षपछि पुनरावलोकन गर्नुपर्ने आवश्यकता ठानेर सत्ता सहयात्रामा बाँधिएका दुवै दलका शीर्ष नेताले सरकार गठनपूर्व १७ असार २०८१ को मध्यरातमा ७ बुँदे सहमति गरेका थिए । सरकार गठनका बेला भएको ७ बुँदे समझदारीको बुँदा नम्बर २ मा 'सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने' भनिएको छ ।

राजनीतिक स्थायित्वका लागि साझा सहमतिको सरकार बनाउने र संविधान संशोधनमा जाने सहमति गरेका कांग्रेस-एमालेले यो विषयमाथि अहिले नजरअन्दाज गरेका टिप्पणी हुन थालेको छ । यद्यपि, सरकार पक्षले भने संविधान संशोधनका विषयमा छलफलहरू निरन्तर अघि बढिरहेको दाबी गर्दै आएको छ ।

शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता सहयात्री र मधेश केन्द्रित दलका नेताहरूबीच संविधान संशोधनका विषयमा समेत छलफल भएको थियो । उक्त छलफलपछि नेपाली कांग्रेस र एमालेबीच संविधान संशोधनका लागि आवश्यक गृहकार्य अघि बढाउन कार्यदल बनाउने सहमति भएको गृहमन्त्री रमेश लेखकले बताए ।

'संविधान संशोधन गर्न कार्यदल बनाउन उच्चस्तरीय राजनीतिक संयन्त्रमा सहमति भइसकेको छ', लेखकले भने, 'दुवै पार्टीले आ-आफ्ना तर्फबाट नाम दिन्छौं र कार्यदलले काम गर्छ । संविधान संशोधन भोलि बिहान नै गर्छौं भन्ने होइन । हामी चरणबद्ध रूपमा काम गर्दै छौं ।'

संविधानका सबल र दुर्बल पक्ष पहिचान गर्ने, कहाँ-कहाँ परिमार्जन गर्न आवश्यक छ, त्यसको पहिचान गर्ने र अरू दलहरूसँग सहमतिको वातावरण बनाएर अघि बढाउने उनको भनाइ छ । तर, कार्यदल कहिले बनाउने भन्ने ठोस कुरामा नेताहरू अझै पुगेका छैनन् । दुई तिहाइ बहुमत नजिकको सरकारले यो विषयमा पटकपटक छलफल गरेका भए पनि ठोस योजनाका साथ अघि बढ्न नसक्दा संविधान संशोधनको एजेन्डाका नाममा कांग्रेस-एमाले सरकारमा मिलेको आरोप लाग्न थालेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले यो सरकारले संविधान संशोधन गर्न नसक्ने दाबी गरेको छ ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री केपी शर्मा ओलीले शक्तिमा पुगेपछि संविधान संशोधनन नभई संविधान विघटन गर्ने गतिविधिमा केन्द्रित हुने गरेको आरोप लगाए । ओलीलाई समानुपातिक र समावेशिता मन नपरेको दाबी गर्दै प्रचण्डले शनिबार एक सार्वजनिक कार्यक्रममा भने, 'प्रधानमन्त्री केपी ओलीजी संविधान बनाउने बेलामा संघीयता पनि ठीक छैन, समावेशी, समानुपातिक भनेर महिला, दलित, आदिवासीलाई अधिकार दिएको मनपरेको छैन । के गर्नु, माओवादीले आँधीहुरी ल्यायो, सबैले माने, मैले पनि मान्नै पऱ्यो भनेका मान्छे हुन् ।' कांग्रेस र एमाले संविधान संशोधनको नारा दिएर रातारात असंवैधानिक ढंगले मिलेका उनको आरोप छ ।

तर, सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले केही समयअघि संविधान संशोधन गरेर उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने व्यवस्था गर्नुपर्ने योजना अघि सारेका थिए । भारतलगायतका देशहरूमा पनि सोही व्यवस्था रहेको उल्लेख गर्दै उनले भनेका थिए, 'उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउनेगरी संविधान संशोधन गर्ने सहमति भइसकेको छ । प्रजातन्त्रका लागि आफू र प्रधानमन्त्री केपी शर्मा ओलीले जेल जीवन बिताउनुपरेकाले प्रजातन्त्रको विरुद्धमा संविधान संशोधन नहुनेमा हामी स्पष्ट छौं । प्रजातन्त्रलाई कमजोर बनाउने कुरा म मान्दिनँ ।'

कांग्रेस-एमाले सत्ता सहकार्यको प्रमुख मुद्दा नै संविधान संशोधन भए पनि सरकार गठनको ७ महिनासम्म उक्त विषयले गति लिन भने सकेको छैन ।

संविधान संशोधनको विषयमा बहस सुरु भएको कांग्रेस केन्द्रीय सदस्य डा. डिला संग्रौलाले बताइन् । मध्यान्हसँग उनले भनिन्, 'यतिबेलासम्म सरकारले कार्यदल बनाएर संविधान संशोधनका बुँदागत छलफल चलाउनुपर्ने हो । तर, नेताहरूले ढिला गरेका छन् ।'

नेपाली कांग्रेसले समानुपातिक समावेशितालाई अझ बलियो बनाउनेगरी संविधान संशोधनमा जानुपर्ने उनको सुझाव छ । सरकार गठनको ७ बुँदामा समावेश भएको संविधान संशोधनको विषयमा सरकार सम्बद्ध दलहरूले सरकारबाहिर रहेका दलहरूलाई समेत सहमतिमा ल्याएर काम गर्न ढिला गर्न नहुने उनको भनाइ छ ।

'संविधानमा देखापरेका कमी कमजोरीका विषयमा सरकारले परामर्श समिति नै बनाएर काम अघि बढाउनुपर्ने हुन्छ', संग्रौलाले थपिन् । संविधान संशोधन अध्ययन कार्यदल नबने पनि सत्ता पक्षका नेताहरूले अहिलेको मिश्रित निर्वाचन प्रणलीले संसद्मा कसैको पनि बहुमत नआउँदा राजनीतिक अस्थिरतालाई बल पुऱ्याएको भन्दै निर्वाचन प्रणली नै संशाोधन गरेर समानुपातिक प्रणााली हटाउनुपर्ने बताउँदै आएका छन् ।

### कारागारमा...

र व्यवस्थापन गर्न बाञ्छनीय भएकाले भन्दै नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालगृह संचालन नमुना कार्यविधि, २०७५ जारी गरेको छ ।

तर, कर्णालीमा अहिलेसम्म पनि बालगृह स्थापना हुन सकेको छैन । गत १९ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले बाल सुधार गृह स्थापना तथा संचालन गर्ने निर्णय गरेको छ । तर, उक्त प्रक्रिया भने अघि बढ्न सकेको छैन ।

अपराध करार भएका आमाबुबासँग आश्रित बालबालिकालाई कारागारमा राख्नु मानवअधिकारको हनन भएको इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदी बताउँछन् । 'बालबालिकालाई यसरी जेलमा राख्दा मनोसामाजिक रूपमा ठूलो असर पर्छ किनभने उनीहरू बाहिर स्वतन्त्र रूपमा हिँडडुल गर्ने कुरामा बञ्चित छन् । घरमा पाउनुपर्ने वातावरण र जेलभित्र पाउने वातावरण फरक त भइहाल्छ', संयोजक सुवेदी भन्छन्, 'उनीहरूको शिक्षा, स्वास्थ्य, खानपिन तथा समग्र दैनिक जीवनशैलीमा फरक पर्छ ।'

अभिभावकसँगै कारागारमा कैद हुनुपर्दा बालबालिका घुमफिर, पठनपाठन, खेलकुद, मनोरञ्जनलगायत सुविधाबाट बञ्चित भएका उनको भनाइ छ । अभिभावकले गरेको गल्तीको सजाय भोग्ने क्रममा सन्तानको जिम्मा लिने कोही नभएपछि पनि कारागार बस्नुपर्ने बाध्यता रहेको संयोजक सुवेदी बताउँछन् ।

'२ वर्षभन्दा माथिका बालबालिकालाई जेलभित्र राख्न नपाइने कानुनी व्यवस्था भए पनि अभिभावकलाई छाड्न नमान्दा र आफन्तले लिन नआउँदा कारागारमा राख्नुपर्ने बाध्यता पनि छ', उनले भने ।

बालबालिकालाई कुनै बालगृहमा राख्न सकिने भए पनि अहिलेसम्म प्रक्रिया अगाडि बढ्न सकेको छैन । कारागारमा कैदी बन्दीको जिवन बिताइरहेका अभिभावकसँग रहेका बालबालिकालाई छोटो समयका लागि जिम्मा लिने कोही नभएकाले समस्या भएको उनको भनाइ छ । अधिकांश कारागारमा ९ महिनादेखि २ वर्षसम्मका आश्रित बालबालिका छन् ।


**Province Government**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

## Infrastructure Development Office, Jhapa

**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**Date of publication: 16th February 2025 (Falun 4, 2081)**

**Last Date of bid Submission: 18th March 2025 (2081-12-05) at 12:00 Noon for NCB**

**Last Date of bid Submission: 3rd March 2025 (2081-11-19) at 12:00 Noon for Sealed quotation and Re-bid**

**Infrastructure Development Office, Jhapa invites sealed Bids for the following works.**

| S. N | Description of Works | Estimated Amount With VAT and PS |
|---|---|---|
| 1 | Overlay and maintenance of Kerkha-Kyampa-Sarangpada-Baigundhura sadak, Kamal, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-100/081-82) | 24,13,393.80 |
| 2 | Upgrading of Gaurishankar Pratisthan dekhi purwa khanepani tanki dekhi dakshin suryanagar jodane sadak kalo patre Birtamode 3 jhapa. And Pragati tol (Krishna Dhakal ko ghar dakshin hitension samma) sadak Birtamode 3, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-101/081-82) | 28,88,535.20 |
| 3 | Upgrading of Mechinagar-07, Arniko School Purba Nahar Jane Sadak, Jhapa. (Contract ID: IDO-JHP/W/NCB/MR-102/081-82) | 24,111,88.81 |
| 4 | Chandra prasad pokhrel ko ghar dakshin laxmi narayan mandir hudai ratna chok jaane sadak, kamal-6 (Contract ID: IDO-JHP/W/NCB/MR-103/081-82) | 24,07,748.65 |
| 5 | Pragatinagar hudai swagat chowk jodne sadak, shivsatakshi-2 (Contract ID: IDO-JHP/W/SQ/MR-104/081-82) | 19,32,494.95 |
| 6 | Upgrading works of Sewaro Marg Beside of Falgunand Buspark, Damak Municipality-2, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-105/081-82) | 19,31,586.22 |
| 7 | Upgrading works of 1 number wada karyalay to Bar vanjyang palika road, Mangsebung R.M.-1, Ilam (Contract ID: IDO-JHP/W/SQ/MR-106/081-82) | 19,23,444.97 |
| 8 | Upgrading of DhapSansare Wada Karyalaya Jyoti Aa. Bi. Gaili Lose Tumling Road Jogmai 2 Ilam (Contract ID: IDO-JHP/W/SQ/MR-107/081-82) | 19,31,975.78 |
| 9 | Upgrading of DhapSansare Wada Karyalaya Jyoti Aa. Bi. Gairi Lose Tumling Road Mai Jogmai (Contract ID: IDO-JHP/W/SQ/MR-108/081-82) | 19,32,226.36 |
| 10 | Upgrading of Good Morning Road, Damak-7,8,10, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-109/081-82) | 19,28,534.75 |
| 11 | Upgrading works of Saraswati Tole dekhi Anjanimode jane sadak antargat Ramesh Subedi ko Ghar dekhi Purba Janaki Marg Jodne Sadak ko Usha Gurung ko Ghar samma ko Bato Bhadrapur Municipality-7, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-110/081-82) | 19,29,068.31 |
| 12 | Upgrading works of Kachankawal-6 Bishal Basti- Sitagadhi-Harischandra Pul to Pathariya Road, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-111/081-82) | 19,28,031.28 |
| 13 | Upgrading of Dhiren MangtokMarga,Chulachuli-1, Ilam (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-23/081-82) | 19,37,592.30 |
| 14 | Upgading of Gauradaha-4 Nabin thapako Ghar Dakshin-Doramari Vidhalaya paschim Rekha Adhikariko Ghar samma Kalo patre sadak (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-35/081-82) | 19,33,155.50 |
| 15 | Upgrading NariwalGachhi -Rajbansi Chok- prabhudhan sadak gauradaha 8 (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-36/081-82) | 19,36,054.19 |
| 16 | Construction Of Shyam Rai Ko Ghar Uttar Charcha Hudai Arjun Meche ko Ghar Jane interlocking concrete Block Road, Jhapa (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-51/081-82) | 19,32,754.25 |
| 17 | Upgrading of Laxmi Aa.Bi. Pipaldanda Barkhola Bar bhanjayang Sadak, Deumai-5 (Contract ID: IDO-JHP/W/SQ/MR-85/081-82) | 19,35,691.01 |
| 18 | Upgrading of Mul Sadak Lapsibote Gurung Gaun (Re-bid) sankhuwasabha Bangin Road(Contract ID: IDO-JHP/W/SQ/MR-96/081-82) | 19,32,620.15 |
| 19 | Beer Factary Paschim bata ward 7 Dekhi Padam Rai ko Ghar Hudai Santhal Basti Jane Bato Kalopatre 2 K.m Ward 6 dekhi 7 Santhal Basti JhapaGa.Pa, Jhapa (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-98/081-82) | 19,27,401.44 |
| 20 | Upgrading works of JCI Marg to Area Administration Office Road, Damak Municipality-8, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-113/081-82) | 19,31,425.00 |

All interested bidders may visit the website www.bolpatra.gov.np/egp for the detail information.

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com



# बेलुन फुट्दा अर्थमन्त्री र महानगर प्रमुख घाइते

**काठमाडौं/मस**–पोखरा भ्रमण वर्ष, २०२५ उद्घाटनका क्रममा आगाको ज्वालाले बेलुन फुट्दा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगर प्रमुख धनराज आचार्य घाइते भएका छन्।

रिमोर्टबाट दीप प्रज्वलनपछि बेलुन उडाउने क्रममा आगोको ज्वालाले बेलुनमा टिपेपछि ठूलो आवाजसहित बेलुन पड्किएको थियो । बेलुन पड्किएपछि महानगरप्रमुख आचार्यको गालामा आगोको झिल्काले छोएको थियो भने उपप्रधान तथा अर्थमन्त्री पौडेलको कोटमा आगोको छिर्का लागेको थियो । उनीहरु दुवै जनालाई थप उपचारका लागि हेलिकप्टरबाट काठमाडौं ल्याइएको छ। उनीहरुको कीर्तिपुरस्थित बर्न अस्पतालमा






उपचार भइरहेको छ । अर्थमन्त्री पौडेलका प्रेस सल्लाहकार भुवन केसीका अनुसार पौडेललाई दिउँसो ३ बजेतिर अस्पताल ल्याइको हो । मन्त्री पौडेलको हत्केला र अनुहार जलेको छ।

**जलन ५ देखि ६ प्रतिशतः अस्पताल**

यता काठमाडौंस्थित बर्न अस्पतालले उपप्रधानमन्त्री पौडेल र मेयर आचार्यको सघन उपचार कक्षमा उपचार भइरहेको जनाएको छ ।

अस्पतालले विज्ञप्ति जारी गर्दै भनेको छ,'उहाँहरुको प्रारम्भिक मूल्यांकन अनुसार ५-६ प्रतिशत जलेको तर अनुहारमा जलन भएकोले स्वासनली र फोक्सोमा असर पर्न सक्ने सम्भावना रहेकोले उच्च निगरानीमा उपचार गर्नुपर्ने आवश्यकता देखिन्छ ।' पौडेल र आचार्यको उपचारमा प्रा.डा.विडी झा, डा.प्रविण गिरी लगायतका सघन उपचार कक्षको टोली, प्रा.डा. शंकरमान राई, डा.विशाल कार्की, डा.मनिष यादव, जलन विशेषज्ञहरुको टोली, डा.प्रयुस अर्याल लगायतका आकस्मिक उपचार टोली तथा रिना गौचन, निर्मला कुँवर, तृष्णा महर्जन लगायतको नर्सिङ्ग टोली उपचारमा संलग्न रहेको अस्पतालले जनाएको छ। यसैबीच गृहमन्त्री रमेश लेखकले घाइते पौडेल र पोखरा महानगरपालिकाका प्रमुख आचार्यको स्वास्थ्यअवस्थाबारे जानकारी लिएका छन्।

कीर्तिपुरस्थित बर्न अस्पताल पुगेर गृहमन्त्री रमेश लेखकले स्वास्थ्यअवस्थाबारे जानकारी लिएका हुन् । गृहमन्त्री लेखकले दुवैलाई भेट्नुका साथै उपचारमा संलग्न चिकित्सकहरूसँग छलफल गरेका थिए । स्वास्थ्यअवस्थाबारे जानकारी लिएपछि गृहमन्त्री लेखकले सञ्चारकर्मीहरूसँग चिकित्सकहरूले राम्ररी उपचार गरिरहेको बताए ।

यस्तै स्वास्थ्यमन्त्री प्रदीप पौडेलले अर्थमन्त्री पौडेल र प्रमुख आचार्य लगायत जलनका सबै बिरामीको उपचारमा कुनै हुन नदिन चिकित्सकहरूलाई आग्रह गरेका छन् । कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचाररत पौडेल र आचार्यलाई भेटेपछि मन्त्री पौडेलले चिकित्सकहरूबाट राम्रोसँग उपचार भइरहेको पाएको भन्दै कुनै कमी नल्याउन अनुरोध गरेका थिए ।

मन्त्री पौडेलको सचिवालयले जनाएअनुसार त्यसक्रममा उनले अरु बिरामीहरूको उपचार अवस्था र अस्पतालको सेवाबारे समेत जानकारी लिएका थिए । मन्त्री पौडेलले जलनपीडित जोकोहीको उपचार प्रभावकारी बनाउने कार्यमा आफूहरू प्रतिबद्ध रहेको भन्दै त्यसका लागि उपचार सेवा विस्तार र सेवा सुधार दुवै सँगै अघि बढाइरहेको बताए ।

**Glen Appliance Pvt. Ltd, India** *बाट आयात गरिएका* **Chimney** *को अधिकतम खुद्रा बिक्री मुल्य सूचि*

| S. N. | Description of Goods | Model No: | Brand | Country of Origin | MRP (Per Unit) |
|---|---|---|---|---|---|
| 1 | Chimney | CH6052SLIMBLAC90 | Glen | India | 21223 |
| 2 | Chimney | CH6058DIBLAC90 | Glen | India | 21148 |
| 3 | Chimney | CH6050INBLK60BF | Glen | India | 13640 |
| 4 | Chimney | CH6000DXBLK60BF | Glen | India | 13107 |
| 5 | Chimney | CH6058DIBLAC90 | Glen | India | 21148 |
| 6 | Chimney | CH6073HSRDCAC90 | Glen | India | 43110 |
| 7 | Chimney | CH6052DIBLAC60 | Glen | India | 16906 |
| 8 | Chimney | CH6052BLMSAC76 | Glen | India | 27851 |
| 9 | Chimney | CH6076HSRDCAC90 | Glen | India | 39815 |

**STUTI INTERNATIONAL TRADING**
Kathmandu Municipality, 22, Makhan Tole, Mobile: 9851099084

# उद्यमी बन्दै बैतडीका महिला

**ललित बोहरा/मध्यान्ह**
बैतडी, ३ माघ

परम्परागत व्यवसाय र घरायसी काममा सिमित महिलाहरु विभिन्न सीप सिकेर व्यवसाय गर्न थालेका छन्। परम्परागत खाद्यन्न बालीले जिवीका धान्न समस्या भएपछि यहाँका ग्रामीण महिला सीप सिकेर आत्मनिर्भर बन्न थालेका हुन्।

जसको उदाहरण बैतडीको दुर्गम स्थानीय तह सिगास र सुर्नया गाउँपालिकाका २० जना महिलाहरुले विभिन्न सीप सिकेर उद्यमी बनेका छन्। उनीहरु अहिले आर्थिक रुपमा आत्मनिर्भरतर्फ उन्मुख हुँदैछन्। सुर्नया गाउँपालिका वडा नम्बर ६ मुसे बजारमा ब्यूटीपार्लर तालिम सिकेपछि उनले पसल पनि सञ्चालन गरिरहेकी छन्। यसअघि उनी सामान्य सिलाइ कटाइ गर्दै आएकी थिइन्। उनलाई एक संस्थाले पार्लरको तालिम दिएपछि व्यवसाय सुरु गरिकी हुन् । मुसेबजारमा उनले कपडा सिलाउने पसल र अनुहार सुन्दर बनाउने ब्यूटीपार्लरको पसल सञ्चालन गरिरहेकी छन् । दलित समुदायकी महिलाको दुई पसल सञ्चालन गरेको आँटले ग्रामीण महिलालाई व्यवसायिक बन्न उर्जा



थपेको छ ।

गोमतीको आम्दानी दैनिक दुईदेखि तीन हजार हुने गरेको छ भने महिनाकै ६० देखि ८० हजारसम्म बचत गर्न सक्ने भएकी छन्। उनले भनिन्,'तालिम पाएपछि पार्लर सुरु गरे। विवाहको महिनामा राम्रो आम्दानी छ । व्यवसायलाई थप बढाउने सोचमा छु ।' सानो ठाउँमा व्यवसाय सुरु गरेकी गोमतीलाई अब ठूलो पसल सञ्चालन गर्ने हुटहुटी जागेको छ।

गोमती जस्तै सिगास गाउँपालिका २ गाजरीकी निर्मला धामीले पनि दुई महिना सिलाइ सिकेर स्थानीय बजार गाजरीमा पसल सञ्चालन गरेकी छिन् । तरकारी खेतीमा समय दिने उनले तरकारी सिजन बाहेकको समय सिलाइ कटाइमा दिन थालेकी छन्। 'तालिम विभिन्न समयमा लिएकी छु । तरकारी उत्पादन ठिकै छ । त्यो भन्दा नगद व्यवसाय सिलाइ कटाइ छ' उनले भनिन्, 'घरबाट रकम माग्नुपर्ने अवस्था छैन् । कमाएर अहिले बरु घरमै दिन्छौं ।'

गाउँमा दलित समुदायले गर्दै आएको सिलाइ कटाइ पेशा भनेर हेपिने दिन नगद आम्दानीले कमी भएको धामीको भनाइ छ ।

यता सुनर्या गाउँपालिका ६ की शान्ति चन्दले पनि मुसे बजारमा सिलाइ पसल सञ्चालन गरेकी छिन् । साडा नेपालले दुई महिना तालिम दिएपछि उनले व्यवसायिक रुपमा सिलाइ कटाइ पसल सञ्चालन गरेर मनग्य आम्दानी गरिरहेकी छिन् ।

# गरुडाका सुरक्षित नागरिक आवास लाभग्राहीले दिए जाहेरी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ फागुन

गरुडा नगरपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राहीले इलाका प्रहरी कार्यालय गरुडामा ठगीको जाहेरी दिएका छन् ।

गरुडा नगरपालिका वडा नम्बर ९ बस्ने बसन्त सहनीविरुद्ध तेतरी देवी,मनजुरवा देवी पासवान,रेनु देवी पासवान,तारा देवी,मन्जुला पासवान,जनारसी देवी र सन्जुला देवीले लिखित जाहेरी दिएका हुन्।

सुरक्षित नागरिक आवासका नाममा प्रलोभन देखाइ सहनीले ५ हजार रुपैयाँका दरले पैसा असुल गरेको आरोप लगाइएको छ। रकम लिएको ८/९ महिना भइसक्दा पनि घर नबनेको भन्दै उनीहरुले जाहेरी दिएका हुन्। ठगी गर्नेलाई कानुनी कारबाही गर्न उनीहरुले माग गरेका छन् ।

जाहेरी बुझेपछि ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक राजन कार्कीले यसबारे प्रहरीले छिट्टै अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने प्रतिक्रिया दिएका थिए ।



सुरक्षित नागरिक आवास कार्यक्रममार्फत नागरिकको खरको छाना भएका घर विस्थापित गर्न ७५ हजार रूपैयाँ पाउने व्यवस्था रहेको छ । त्यही व्यवस्था अनुसार नै गरिब,विपन्नको नाममा गरुडामा गत आर्थिक वर्षमै आएको रकममा कमिसन स्वरुप पाँच/पाँच हजार रुपैयाँ दरले प्रतिपरिवार पैसा असुल गरिएको पीडितहरुको आरोप छ ।

**साउदीमा रोजगार**

कम्पनी : AL NAJOF INTERNATIONAL CONTRACTING COMPANY — शहर : Dammam
पूर्व स्वीकृत मितिः २०८१/१०/३० — चलानी नं.: ६०२३३०७० — L.T. No.: 318771

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : AL MAJID FOR AOOD.CO — शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/११/०२ — चलानी नं.: ६०२३३०६९ — L.T. No.: 318903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ११ गते (23 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Professional Manpower Services Pvt. Ltd.** श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

**Cyprus मा रोजगार | 1. Sonia Mouradian Private Employment Agency, Limassol, Cyprus**
पूर्व स्वीकृती मिति २०८१।११।०१ — चलानी नं. ६०२३३०२८ — LT.No. 318803

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | स.काममा दक्ष | 400 | ५७,३३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

**2. Chriso Youkhan Private Labour Office, Limassol, Cyprus** — पूर्व स्वीकृती मिति २०८१।११।०१, चलानी नं. ६०२३३०३०, LT.No. 318719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | स.काममा दक्ष | 400 | ५७,३३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

**3. Chriso Youkhan Private Labour Office, Limassol, Cyprus** — पूर्व स्वीकृती मिति २०८१।११।०१, चलानी नं. ६०२३३०२९, LT.No. 318720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | स.काममा दक्ष | 400 | ५७,३३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

**4. Sonia Mouradian Private Employment Agency, Limassol, Cyprus** — पूर्व स्वीकृती मिति २०८१।११।०२, चलानी नं. ६०२३३०६८, LT.No. 318800

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | स.काममा दक्ष | 400 | ५७,३३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००/- |

**अन्तर्वार्ता २०८१ फाल्गुन ११ गते (23 February, 2025) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ ।**

**Shalma H. R. Overseas Pvt. Ltd.** Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com

## Invitation For Quotations

## Putha Uttarganga Rural Municipality
## Office of the Rural Municipal Executive

**Takasera, Rukum (East)**
**Lumbini Province, Nepal**

**Invitation For Sealed Quotation for the procurement of following mentioned Works.**
**(First Date Of Publication: 2081/11/04 B.S) ( 2025/02/16. A.D)**

1. Putha Uttarganga Rural Municipality (PURMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office PURMO Takasera, Rukum (East) on or before 12:00 Noon on 2081/11/18 B. S (2025/03/03A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2081/11/19 B.S (2025/03/03A.D) at the office of PURMO Takasera, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Putha Uttarganga Rural Municipality Office (PURMO), Takasera, Rukum (East) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
7. Information to deposit the cost of Bidding Docucment and Bid-Bond in the Bank:

| Office Name | Putha Uttarganga Rural Municipality, Rukum (East) | | |
|---|---|---|---|
| For Bid Document | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | 01415359946 | Siddartha Bank Ltd., Putha Uttarganga Branch |
| For Bid Security | Putha Uttarganga (GA 03) Dharauti Khata | 01415220470 | |

8. The Name and identification no of the contracts are as follows.

| S. N. | Contract No. | Description of works | Estimate Amount (Exclusive of VAT & Contingencies) (NRs.) | Bid Security Amount (NRs.) | Bid Docucment Price (NRs.) |
|---|---|---|---|---|---|
| 1 | EGP/PURMO /SQ-01/CHC /2081/82 | Construction OF Community Health Center Building At Kyubang-12, Putha Uttarganga R.m. | 12,77,283.90 | 36,400 | 1000 |

**Act. Chief Administrative Officer**

**Karnali Province Government**
**Ministry of Social Development**
**Education Development Directorate**
**Social Development Office, Dailekh**

## Invitation for Electronic Bids

**First Date of Publication:-2081/11/04 (16-Feb.2025)**

1. Social Development Office, Dailekh invites Electronic bids under National Competitive Bidding-Single Stage Single envelope procedure from eligible Nepalese bidders to be Submitted through PPMO'S E-GP System www.bolpatra.gov.np/egp for the package Mentioned below.

| Contract Information No. | Description of work | cost of bidding document (NRs) | Bid Bond Amount (NRs) | Estimate amount (NRs) Without VAT | Bid Security Pried |
|---|---|---|---|---|---|
| SDO/DLK/W/ NCB/15/2081/082 | Construction of school building (Nepal Rastriya Basic School) Badakhola Mahabu Rural Municipaty -02 Dailekh | 3000 | 135,000 | 49,99,945/41 | 120 days |

2. Information of Deposit the cost of Bidding Document in Bank: - Rastriya Banija Bank Dailekh .
Bank Account Number: - 401010020203000 (Dharauti Khata) Province Account unit office dailekh .
Name Office: - Social Development Office Dailekh. Office Code:-3500167016 Rajaswo shirshak no:-14229
3. Electronic bid must be submitted to Social Development Office Dailekh through PPMO's website:www.bolpatra.gov.np/egp

**Chief Social Development Officer**

## प्रदेश खेलकुद विकास परिषद्
**बागमती प्रदेश, हेटौंडा, नेपाल**

## Invitation for Electronic Bids for the Procurement of Construction Works

**Date of Publication: 2081/11/04**

**Province Sports Development Council, Bagmati Province** invites electronic bids from eligible bidders for the procurement of following works items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at **Province Sports Development Council, Bagmati Province.** Mobile: 9851099013, 9860937376 or may visit PPMO egp. system web: **www.bolpatra.gov.np/egp.**

| Contract ID Number | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| PSDC/NCB/ WORKS/02/ 2081/82 | Bakhan Smriti Mini Rangashala Purwadhar Nirman Bharatapur Ma.Na.Palika 19, Chitwan | 37,37,863.26 | 3,000.00/- | 1,00,000/- |
| PSDC/NCB/ WORKS/03/ 2081/82 | Rasauli Club Bhawan Nirman Rapti -9, Chitwan | 37,37,939.09 | 3,000.00/- | 1,00,000/- |

- Bidders, submitting their bid electronically, should deposit the cost ***(Rs. 3,000)*** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

*Information to deposit the cost of bidding document in Bank:*
*Name of the Bank: Rastriya Banijya Bank.*
*Name of Office: Province Sports Development Council, Bagmati Province*
*Office Code no. : 3430232013* — *Account no.: 1000100200010000*
*Type of Account: Rajashaw Khata* — *Revenue Code No : 14229*

- The Bidder shall furnish a bid security, from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law with a minimum of ***1,00,000/- (ONE LAKH ONLY)*** which shall be valid for **30 days** beyond the validity period of the bid.

*Account Name: Province Treasury Comptroller Office, Bagmati Province, Hetauda*
*Bank Name: Rastriya Banijya Bank*
*Bank Address: Hetauda* — *Account Number: 1300100202030000*

**Member Secretary**

## सम्पादकीय

# समस्या शैलीमा

सत्ता साझेदार दलहरूबीच राम्रो गृहकार्य नगरी अध्यादेश ल्याएपछि प्रधानमन्त्री केपी शर्मा ओली अप्ठ्यारोमा परेका छन् । अध्यादेशको अप्ठ्यारो प्रधानमन्त्री ओलीमा मात्र नभएर प्रमुख सत्ता साझेदार नेपाली कांग्रेस र नेकपा एमालेमा लुक्न सकेको छैन । त्यसैले कांग्रेस–एमालेका शीर्ष नेताहरू आवद्ध उच्च स्तरीय कार्यदलको बैठक लगातार बसिरहेको छ । उच्च स्तरीय कार्यदलबाट समाधान निस्कन नसक्दा सत्ता साझेदार अरूका नेताहरूसँग समेत छलफल भइरहेको छ । तर सत्तारूढ जनता समाजवादी पार्टी (जसपा), नेपाल टसमस भएको छैन । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमि सम्बन्धी अध्यादेश पारित गर्न नसकिने अडान सार्वजनिक रूपमै राख्दै आएका छन् । अरू ५ अध्यादेश पारित गर्न सहयोग गर्ने, तर भूमि सम्बन्धी अध्यादेश अगाडि बढाउन नसकिने जसपा नेपालको अडान छ ।

जसपा नेपालले अडान नछोडेसम्म अध्यादेश पारित हुने संभावना छैन । प्रतिनिधि सभामा दुई तिहाइ भएपनि जसपा नेपालको साथ नपाउँदा राष्ट्रिय सभामा सत्ता गठबन्धनसँग सामान्य बहुमत पनि पुग्दैन । राष्ट्रिय सभामा ३ सिटको जसपा नेपालले अडान लिएपछि मधेश केन्द्रीत अर्को दल लोसपाले पनि भूमि अध्यादेशमा साथ दिन नसकिने निर्णय गरेको छ । हुनत अध्यादेशबाट शासन गरिनु राम्रो होइन । अझ संसद अधिबेशन बोलाउन ढिलाइ गरेर अध्यादेश ल्याइएको छ । कानुन निर्माणलाई तीव्रता दिने चाहना हो भने सरकारले हिउँदे अधिवेशन बोलाउन १८ माघसम्म कुनुपर्ने थिएन । तर संसद बोलाउन ढिलाइ गर्ने, अनि आधा दर्जन अध्यादेश ल्याउने नियतलाई साथ दिन सकिदैन थियो । सत्तारूढ जसपा नेपालको अडानले अन्ततः अध्यादेशको बहसलाई सघन बनेको छ ।

यसरी कांग्रेस–एमाले जस्ता प्रमुख दलहरूको सरकारले यस्ता खाले समस्या झेल्नुको कारण भने फेरि पनि सत्ता साझेदारबीच समन्वयको अभाव नै हो । प्रधानमन्त्रीको हैसियतमा केपी ओलीको दायित्व हो, त्यो । तर जसरी पार्टी चलाइरहेका छन्, त्यस्तै शैली सरकार सञ्चालनमा पनि अपनाए । त्यो भनेको बलमिच्याइँ गर्ने, सहकर्मीहरूको कुरा नसुन्ने । संभवतः सरकार सञ्चालनबारे पार्टीभित्र र सत्तारूढ दलका नेताहरूको सुझाव सुन्ने शैली अपनाउने हो भने अहिले देखिएका समस्याहरू सिर्जना नहुन पनि सक्थ्यो । तर प्रधानमन्त्री ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई मनाउँदा पुग्ने शैली अपनाइरहेका छन् । अध्यादेशका सन्दर्भमा मात्र नभएर सरकार सञ्चालनप्रति प्रधानमन्त्री ओलीको यस्तो मनोविज्ञान परिवर्तन हुन आवश्यक छ ।

# परिवर्तनको पर्खाइ

सरकार र नेताहरूको गैरजिम्मेवार कार्यशैलीबाट आजित नेपाली जनताले अब नयाँ परिवर्तनको खाँचो महसुस गरिरहेका छन् । पछिल्लो निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी जस्तो विलकुलै नयाँ राजनीतिक पार्टीका युवा नेताप्रति मतदाताको आशा र अपेक्षा बढ्नु यही परिवर्तनको चाहनाको परिणति हो...

अग्रलेख



● रत्न प्रजापति

सरकार फेरिएसँगै सरकारको नीति फेरिन्छ । सरकारको निर्देशन फेरिएसँगै सरकारकोनिर्देशनमाचल्ने कर्मचारीतन्त्रकोकार्यशैली फेरिन्छ । राजनीतिक दलको छत्रछायामा साँढे पल्टेका ट्रेड युनियनहरूले आफ्नो दलको सरकार बन्नेबित्तिकै कामभन्दा बढी दादागिरी गरेर सेवाग्राही जनतालाई सताउँछन्...

हिजोका दिनमा त्याग र बलिदानको राजनीति हुन्थ्यो । अहिले चाहिँ स्वार्थ र आर्थिक लाभको राजनीति हुन्छ । राजनीतिमा लागेपछि पद, पावर र पैसा आदि सबथोक मिल्छ भनेरै मान्छेहरू राजनीतिमा लाग्छन् । त्यसैले राजनीतिको पर्याय पद, पावर र पैसा भएका छन् । यी ३ वटा चिज पाएपछि अथवा भएपछि प्रभावशाली नेतामा गनिन्छ ।

अहिले प्रमुख राजनीतिक दलका सबै शीर्ष नेताहरू प्रभावशाली बनेका छन् । ती प्रभावशाली नेताहरूको आर्थिक र सामाजिक हैसियत देखेर छक्क मात्र होइन, तीन छक्कै पर्नुपर्ने अवस्था छ । कुनै पेसा व्यवसाय नभएका नेताहरूको अकल्पनीय आर्थिक हैसियत चाहिँ कसरी बन्यो ?

उपर्युक्त प्रश्नको सहज उत्तर हो- भ्रष्टाचार । भ्रष्टाचार गरेर नै देशका नेता र कर्मचारीको आर्थिक हैसियत पत्यारै गर्न नसकिनेगरी चुलिएको हो । सधैं भ्रष्टाचारमा शून्य सहनशीलता, सुशासन र समृद्धिको भाषण दिने नेताहरू नै कर्मचारीतन्त्रसँगको साँठगाँठमा भ्रष्टाचारमा चुर्लुम्म डुबेकाले मुलुक संसारभरका धेरै भ्रष्टाचार हुने मुलुकको सूचीमा परेको छ । मुलुक संसारभरका बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा पर्नु, भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्नमा राज्यका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका आदि ३ वटै अंग असफल हुनुको परिणाम हो ।

भ्रष्टाचार र सुशासनको निगरानी गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले हालै सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक, २०२४ अनुसार नेपालले कुल १०० अंकमा ३४ अंक मात्र प्राप्त गरेको छ । सर्वेक्षणमा समेटिएका १८० देशमा नेपाल १०७औं स्थानमा परेको छ । यसले नेपालमा धेरै भ्रष्टाचार हुने गरेको जनाउँछ । विदेशबाट ऋण लिएर पनि भ्रष्टाचार गर्ने प्रवृत्तिले एकातिर सर्वसाधारणको शिरमा ऋणको भार थोपरिएको छ भने अर्कातिर भ्रष्टाचारकै कारण देशको छवि धमिलिएको छ । नियामक निकाय गतिलो नहुँदा भ्रष्टाचार मौलाएको र लोकतान्त्रिक मुलुक भ्रष्टतान्त्रिक बन्दै गएको विज्ञहरूको विश्लेषण छ ।

एउटा सामान्य मान्छेको मनमा उठ्ने प्रश्न- जिन्दगीभर कृषि वा व्यापार-व्यवसायमा खट्नेको भन्दा राजनीतिमा लाग्नेको आर्थिक हैसियत कसरी उच्च बन्छ ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगका लागि पनि यो प्रश्न एउटा महान चुनौती बनेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग साँच्चिकै अधिकार सम्पन्न छ, शक्तिशाली र निष्पक्ष छ भने कुनै पेसा-व्यवसाय नै नगरी यसरी उच्च आर्थिक हैसियत बनाउनेमाथि अविलम्ब छानबिन हुनुपर्छ भन्ने जनताको माग हो । यसरी बिनालगानी अकूत सम्पत्ति जोड्ने जोसुकैमाथि छानबिन हुनुपर्छ । यस्तो छानबिन र कारबाही गरी तिनलाई दण्डित गरे मात्र भ्रष्टाचारबाट पीडित आमजनताले राहत पाउँछन् र उनीहरूले सार्वजनिक रूपमा खुसी मनाउने दिन आउँछ ।

भ्रष्टाचारमा नेता र कर्मचारी एकअर्काका परिपूरक बनेका छन् । आफूले खाई नखाई कर तिर्ने सेवाग्राही जनतालाई सास्ती दिँदा रमाउने कर्मचारी र तिनै कर्मचारीलाई खुसी पारेर सेवाग्राही जनतालाई दुखी बनाउने नेताहरूका कारण देशमा विकासभन्दा भ्रष्टाचार मौलाएको छ । सहमतिमै पालैपालो सरकार चलाउने पद्धतिको (कु)परम्पराले गर्दा भ्रष्टाचारले थप मौलाउने अवसर पाएको छ ।

पछिल्लो समय नेपाली राजनीतिमा दलीय गठबन्धन बनाई आलोपालो सरकार चलाउने सहमति हुने गरेको छ । वर्तमान सरकार यस्तै सहमतिमा बनेको हो । यद्यपि, सरकार बनेको केही महिनामै त्यो गठबन्धनमा खटपट सुरु भइसकेको छ । सत्ताकै लागि यो गठबन्धन अझै टिक्न पनि सक्छ र सत्ताकै लागि यो गठबन्धन छिट्टै टुट्न पनि सक्छ । फेरि नयाँ सरकार बन्ने छ र सरकार चल्ने छ । सरकार चल्ने छ के भन्नु, खराब राजनीति चल्ने छ, जसबाट आमनेपाली जनताले फेरि उस्तैगरी प्रताडित हुनुपर्ने छ ।

सरकार चलाउने व्यक्ति फेरिए पनि प्रवृत्ति उही नै हुन्छ । सरकारमा बस्नेहरूले जनताका पिर मर्कालाई भन्दा आफ्नै स्वार्थलाई बढी महत्त्व दिने गरेपछि जनता प्रताडित हुने गर्छन् । निराश हुने गर्छन् । सरकार फेरिएसँगै सरकारको नीति फेरिन्छ । सरकारको निर्देशन फेरिन्छ । सरकारको निर्देशन फेरिएसँगै सरकारको निर्देशनमा चल्ने कर्मचारीतन्त्रको कार्यशैली फेरिन्छ ।



राजनीतिक दलको छत्रछायामा साँढे पल्टेका ट्रेड युनियनहरूले आफ्नो दलको सरकार बन्नेबित्तिकै कामभन्दा बढी दादागिरी गरेर सेवाग्राही जनतालाई सताउँछन् । सेवालाई चुस्त दुरुस्त बनाउनुभन्दा अतिरिक्त आयका छिद्रहरूलाई बलियो बनाउँछन् । ठूला आयोजनाहरूलाई कमाइको माध्यम बनाउँछन् ।

यसरी आलोपालो सरकार चलाउने पद्धति आलोपालो कमाउने माध्यम मात्र बन्छ । सरकारमा बस्ने र सरकारलाई सघाउने कर्मचारी मात्र पोषित हुने र आमजनता आर्थिक रूपमा शोषित हुनुपर्ने अवस्थाले अब लामो त्याग र संघर्षपछि प्राप्त उपलब्धिप्रति जनताको विश्वास गुम्ने खतरा बढेको छ । लोकतन्त्रको राग अलाप्नेहरूले नै लोकतन्त्रको उपहास गरिरहेका छन् । जनताले पनि लोकतन्त्रप्रति व्यंग्य प्रहार गर्न थालेका छन् । कटाक्ष गर्न थालेका छन् । लोकतन्त्रको उपहास भइरहेको छ ।

सरकारको कार्यशैलीकै कारण संघीयताप्रति पटकपटक प्रश्न चिह्न उठाउने गरिएको छ । प्रदेश सरकारको आवश्यकताप्रति प्रश्न उठाउने गरिएको छ । सरकारका हरेक नीति र निर्णय दलीय स्वार्थले अभिप्रेरित हुने गरेकाले आर्थिक विकासले भन्दा आर्थिक विचलनले प्रश्रय पाउँदै आएको छ । कुरा विकासको गर्ने तर काम चाहिँ विनाशको गर्ने परिपाटीले गर्दा 'न हाँसको चाल, न कुखुराको चाल' भनेजस्तो भएको छ विकासको गति ।

प्रगतिभन्दा दुर्गतिका संकेतहरू सामुन्ने देखापर्दै छन् । तर, सरकारी तथ्यांकमा प्रगतिको ग्राफ माथि चढेको देखाएर जनतालाई झुक्क्याउने प्रयास हरेक सरकारले गर्दै आएको छ । त्यही मिथ्यांकलाई हेरेर देशले प्रगति गरेको भ्रम छरिरहेका छन् हाम्रा नेताहरू । आफ्ना कमजोरी लुकाएर केही उपलब्धिलाई बढाइचढाइ गर्ने प्रवृत्ति जुनसुकै पार्टीको सरकारमा छ । सरकार र नेताहरूको गैरजिम्मेवार कार्यशैलीबाट आजित नेपाली जनताले अब नयाँ परिवर्तनको खाँचो महसुस गरिरहेका छन् । पछिल्लो निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी जस्तो विलकुलै नयाँ राजनीतिक पार्टीका युवा नेताप्रति मतदाताको आशा र अपेक्षा बढ्नु यही परिवर्तनको चाहनाको परिणति हो । सचेत नागरिकले परिवर्तन र विकल्पको खोजी निरन्तर गरिरहन्छन् ।

सधैं सरकारको वरिपरि घुम्ने र सरकारकै वरिपरि रम्ने कर्मचारीतन्त्र अनि कर्मचारीतन्त्रलाई खुसी पारेर सरकार सफल भएको भ्रम फैलाउने सरकारी कार्यशैलीले गर्दा जनता आजित छन् । नेता र कर्मचारीको मिलेमतोमा मौलाएको आर्थिक बेथितिले गर्दा आमजनतामा निराशा मात्र बढेको छ । आशाको संचार गर्ने व्यवस्था र पद्धतिको विकासमा देखाइएको उदासीनताले लोकतन्त्रप्रति नै वितृष्णा बढाइरहेको छ । के यही हो लोकतन्त्र ? अथवा लोकतन्त्रमा यस्तै हुन्छ ? भन्ने प्रश्नमा लोकतन्त्रको वितृष्णा झल्किन्छ । मुलुकमा सुशासन र गरिखाने अवसर नपाउँदा युवा पुस्ताले देशमा आफ्नो भविष्य देख्नै छाडिसकेका छन् । स्वावलम्बी र स्वाभिमानी युवा पुस्ता देशमा टिक्नै नसक्ने भइसकेका छन् । नेता, नीति निर्माता र सरकार कसैप्रति पनि युवा पुस्ताले विश्वास र भरोसा गर्न छाडिसकेका छन् । राजनीति र नेताका कुरा सुन्नेबित्तिकै आक्रोशित बन्छन् अहिलेका युवा ।

देशका नेता र राजनीति केहीप्रति पनि विश्वास र भरोसा छैन युवालाई । देशप्रति विश्वास र भरोसा टुटेका कारण महात्त्वाकांक्षी युवा पुस्ता उज्ज्वल भविष्यको सपना साँच्दै अवसरको खोजीमा बिदेसिन लालायित बनिरहेका छन् । देश छाड्नेहरूको संख्यामा निरन्तर वृद्धि हुनुको कारण युवा पुस्ताले देशमा आफ्नो भविष्य नदेख्नु नै हो । यस्तो स्थिति उत्पन्न हुनुको मूल कारण बेथितिपूर्ण राजनीति र त्यही बेथितिपूर्ण राजनीतिका कारण उत्पन्न निराशा र भय हो । हस्तक्षेप र गैरजिम्मेवारीको राजनीति, सुस्त र भ्रष्ट कर्मचारीतन्त्र, नाफाखोर निजी क्षेत्र र निर्विवाद बन्न नसकेको न्यायको मन्दिरले गर्दा जनताले उपभोग गर्ने नुन र सुनदेखि कानुनसम्म जताततै बेथिति मौलाएको छ । अनि, यही बेथितिले जनतामा निराशा र वितृष्णा बढाएको छ ।

युवा पलायन यही निराशा र वितृष्णाको परिणाम हो । अब यस्तो निराशा र वितृष्णाको अन्त्यका लागि फेरि अर्को परिवर्तनको खाँचो महसुस भइरहेको छ । वर्तमान युवा पुस्ता त्यही नयाँ परिवर्तनको पर्खाइमा छन् । यस्तो लाग्छ, यो समय पनि नेपालमा नयाँ परिवर्तनको पर्खाइमा छ ।

## इतिहासमा आज

१६ फेब्रुअरी १९४५ मा अमेरिकी सेना दोस्रो विश्वयुद्धको समयमा फिलिपिन्सको कोरेगिडोर टापुमा अवतरण गरे र २ हप्ताभित्र जापानीहरूबाट यसलाई कब्जा गरे ।



१६ फेब्रुअरी १९५९ मा फिडेल क्यास्ट्रोले फुल्जेनसियो बतिस्ताबाट क्युबामा सत्ता कब्जा गरे र देशलाई पश्चिमी गोलार्द्धको पहिलो कम्युनिस्ट राज्यको रूपमा स्थापित गरे ।



१६ फेब्रुअरी २००५ मा विश्वव्यापी तापक्रम वृद्धिमा योगदान पुऱ्याउने ग्यासहरूको उत्सर्जन घटाउने उद्देश्यले गरिएको अन्तर्राष्ट्रिय सन्धि 'क्योटो प्रोटोकल' लागू भएको थियो ।



१६ फेब्रुअरी २०१९ मा 'वन्दे भारत रेल' दिल्लीबाट वाराणसी फर्कने क्रममा बिग्रिएको थियो, जुन रेल नै भारतमा पहिलो उच्च गतिको रेल थियो ।



# छुवाछूत : एक सामाजिक अपराध

विचार



● राजन तिमिल्सिना

छुवाछूत नेपाली समाजको एउटा गहिरो सामाजिक समस्या हो, जुन मुख्यतः हिन्दू जातीय संरचनाको वरिपरि आधारित छ । यो परम्परा जातीय विभाजन र असमानताको चरम रूप हो, जसले "उच्च" जात र "तल्लो" जातबीचको विभाजनलाई गहिरो रूपले संस्थागत गरेको छ...

छुवाछूतको मनोविज्ञान भनेको जातीय, राजनीतिक, सामाजिक, धार्मिक वा सांस्कृतिक आधारमा अरूलाई 'शुद्ध' र 'अशुद्ध' भनेर वर्गीकरण गर्ने पूर्वाग्रही सोच र व्यवहार हो, जसले एक सम्प्रदायले अर्को सम्प्रदायलाई निम्न स्तरको ठान्दै भेदभाव र सामाजिक बहिष्कारलाई जायज ठहऱ्याउँछ । यो सोच ऐतिहासिक, सांस्कृतिक परम्परा, शिक्षा र चेतनाको अभावबाट उत्पन्न हुन्छ । छुवाछूत कानुनी समस्या मात्र होइन, यो मानसिकता र सामाजिक संरचनासँग गाँसिएको गहिरो समस्या हो । यसलाई अन्त्य गर्न समानता, सम्मान र समावेशिताको संस्कारलाई समाजमा स्थापित गर्न जरुरी छ । 'छुवाछूतमुक्त नेपाल' बनाउने सपना कानुनी घोषणाले होइन, राजनीतिक संरचना, व्यावहारिक परिवर्तन र सचेत समाज निर्माणले मात्र सम्भव छ ।

छुवाछूत नेपाली समाजको एउटा गहिरो सामाजिक समस्या हो, जुन मुख्यतः हिन्दु जातीय संरचनाको वरिपरि आधारित छ । यो परम्परा जातीय विभाजन र असमानताको चरम रूप हो, जसले 'उच्च' जात र 'तल्लो' जातबीचको विभाजनलाई गहिरोरूपले संस्थागत गरेको छ । नेपालमा छुवाछूतको अभ्यासले विशेषगरी दलित समुदायमाथि ठूलो राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक र मानसिक उत्पीडन गरेको छ ।

छुवाछूत हिन्दु वर्ण व्यवस्थाको उपज हो, जसले समाजलाई ब्राह्मण, क्षत्री, वैश्य र शुद्र ४ वर्गमा विभाजन गरेको थियो । शुद्र वर्ग (दलित)लाई 'अस्पृश्य' मान्दै समाजबाट अलग गरियो । दलित समुदायलाई 'अशुद्ध' मान्दै मन्दिर प्रवेश, खानेपानीका सार्वजनिक स्रोतहरूको पहुँच, शिक्षालय, सरकारी नोकरी, राजनीतिक सहभागिता र अन्य सामाजिक अवसरहरूबाट बञ्चित गरिएको थियो ।

१० वर्षे 'जनयुद्ध'को बलमा २०६३ सालमा नेपालले आफूलाई छुवाछूतमुक्त राष्ट्र घोषणा गऱ्यो र २०७२ सालको संविधानले छुवाछूतलाई अपराधको रूपमा परिभाषित गऱ्यो । छुवाछूत गर्नेलाई कानुनी सजायको प्रावधान छ तर हात्तीको देखाउने दाँतभन्दा प्रभावकारी बन्न सकेको छैन ।

यद्यपि, कानुनी रूपमा छुवाछूतलाई अन्त्य गरिएको छ । ग्रामीण क्षेत्र विशेषगरी दलित समुदाय अझै सामाजिक बहिष्कार, भेदभाव र हिंसाको शिकार भइरहेको छन् । उनीहरूलाई उच्च जातीय अहंकारवादीको सिकार बनाइरहँदा राज्य निरीह र मूक दर्शक बनिरहेको छ । खानेपानीको धारा प्रयोगमा रोक, सार्वजनिक भोजभतेरमा सहभागी हुन नदिनु, मन्दिर प्रवेशमा रोक जस्ता, स्कुल-कलेज पढ्ने विद्यार्थीलाई कोठा नदिनु, अन्तःजातीय विवाहमाथि हस्तक्षेप गर्नु जस्ता घटनाहरू अझै भइरहेका छन् । छुवाछूतका कारण दलित समुदायका सदस्यहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवसरहरूबाट पनि बञ्चित गरिएको छ ।

धेरैजसो दलितहरू गरिबी र श्रम शोषणको ठूलो चक्रमा फसेका छन् । दलित समुदायलाई निम्न वर्गीय नागरिकझैं व्यवहार गरिन्छ । आत्मसम्मान र सामाजिक सशक्तीकरणमा ठूलो प्रभाव परेको छ । शिक्षा, रोजगारी र भूमि स्वामित्वमा पहुँच कम छ । गरिबी र बेरोजगारीको चक्रबाट मुक्त हुन कठिनाइ भइरहेको छ ।

छुवाछूतका कारण मनोवैज्ञानिक उत्पीडन र अपमानित महसुस गरिने घटनाहरू व्यापक बनेका छन् । छुवाछूतप्रतिको पुरानो सोचलाई तोड्न शिक्षा सबैभन्दा प्रभावकारी माध्यम हो । बालबालिकादेखि नै समानताको संस्कार विकास गर्नुपर्छ । छुवाछूतसम्बन्धी कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ । दोषीलाई दण्डित गरेर उदाहरणीय बनाउनु आवश्यक र अनिवार्य छ ।

छुवाछूतको अन्त्यका लागि सामुदायिक स्तरमा सचेतना अभियान चलाउनु आवश्यक छ । दलित समुदायको अधिकार सुनिश्चित गर्न उनीहरूको हरेक क्षेत्रमा राजनीतिक प्रतिनिधित्व बलियो गराइनुपर्छ । दलितप्रतिको सामाजिक सुधारका उपायहरूमा सहभोज एक महत्त्वपूर्ण र प्रभावकारी सांस्कृतिक अभ्यासका रूपमा अघि बढ्न सक्ने माध्यम हो । सहभोजले एकता र सामुदायिक भावना बलियो बनाउने मात्र होइन, जातीय भेदभाव र छुवाछूतका परम्परागत संरचनालाई तोड्ने स्पष्ट र व्यावहारिक अभ्यास पनि हो ।

सहभोजले जातीय भिन्नतालाई हटाउँदै सबैलाई समान रूपमा व्यवहार गर्ने सन्देश दिन्छ । 'उच्च' र 'तल्लो' जातबीचको भौतिक दुरीलाई हटाएर समानता स्थापित गर्छ । जातीय कारणले गरिने सार्वजनिक भेदभावलाई चुनौती दिने माध्यम बन्न सक्छ । साझा बसाइ, खानपान र संवादले सामाजिक सुदृढीकरणको वातावरण तयार हुन्छ । सहभोजले पुराना परम्परागत छुवाछूतका सोच र व्यवहारलाई तोड्न सहयोग पुऱ्याउँछ । सहभागीहरूको मनोवृत्तिमा परिवर्तन ल्याउँदै उनीहरूलाई समावेशी सोचतर्फ लैजान सकिन्छ । सहभोजको आयोजना गर्न राजनीतिक, सामाजिक र सांस्कृतिक नेताहरूले अग्रसरता लिनुपर्छ । सहभोजलाई स्थानीय स्तरबाट सुरु गरेर राष्ट्रिय स्तरसम्म फैलाउन सकिन्छ ।

स्थानीय जातीय र सांस्कृतिक पर्व, चाडपर्व वा अन्य अवसरहरूमा सहभोजलाई समावेश गर्नुपर्छ । विद्यालय, मन्दिर, सामुदायिक भवन जस्ता साझा ठाउँहरूमा सहभोजलाई प्राथमिकता दिन सकिन्छ । सहभोजमा सफल भएका स्थान वा समुदायहरूको कथा प्रचारप्रसार गरिनुपर्छ । धार्मिक गुरुहरू, कलाकारहरू वा समाजसेवीहरूले सहभोजलाई समर्थन गरी उदाहरणीय कार्य गर्न सक्नुपर्छ, जसले छुवाछूतको अन्त्य गर्न र सबैलाई समान अधिकार र सम्मानका साथ व्यवहार गर्न सकारात्मक वातावरण सिर्जना गर्छ । यद्यपि, यसको प्रभावकारिता केवल आयोजनामा होइन, त्यसले ल्याउने सामाजिक, सांस्कृतिक र मानसिक परिवर्तनमा निर्भर हुन्छ । सहभोज केवल खाना खाने क्रिया होइन, यो जातीय समानताका लागि एक सशक्त क्रान्तिकारी अभ्यास पनि हो ।

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

अवधि मिति आउँछ जान्छ, सहमति सम्झौता, समझदारी हस्ताक्षरको कुनै मूल्य, मान्यता नभयकोअवस्था रह्यो । यो छाड़ा, भ्रष्ट क्रियाकलाप, अनुशासनहीन कामकारबाही यत्रतत्र सर्वत्र हाबी भयो । निष्ठा, आचरण, चरित्र, मर्यादा लोप हुँदै छ । दूरदृष्टिको चिन्तन मननको अभाव हो या निरपेक्षको प्रभाव हो !

संभाव्य जोखिमको गंभीर आँकलनबिना शक्ति राष्ट्रहरूको भू-राजनीतिक दउपेचमा हौसिएर हामफाल्दा युक्रेनको हालत के हुँदै छ भन्ने कुरा भू-राजनीतिक आँखा परेका नेपाललगायत अन्य देशका लागि पनि पाठ हुन सक्छ । राजनीतिक हिसाबले अल्लारे जेलेन्स्की लोकतान्त्रिक चुनावका उत्पादन भन्दा पनि भू-राजनितिक डिजाइनका प्यादा देखिए । हुँदाखाँदाको मुलुक युक्रेनलाई बर्बाद पारे ।



**सूर्यराज आचार्य**



**रूद्र पाण्डे**

नेपालमा यस्तो नेता प्रम बन्नुपऱ्यो, जस्ले यो देशमा उद्योग व्यवसाय खोल्न, संचालन गर्न र बन्द गर्न संसारका सबै देशभन्दा सजिलो र सस्तो बनाउने काम गरोस् । त्यसपछि मात्र देश र जनताको उत्थान सम्भव हुन्छ । बुद्धि फिरोस् ।

ललिता निवासको सरकारी जग्गा अपचलन प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईविरुद्ध मुद्दा चलाउन माग गरिएको रिट पूर्ण इजलासमा पठाउन आदेश भएको छ । यी २ 'भीआईपी'लाई कानुनी सजाय दिन सके ५० प्रतिशत आक्रोश घट्छ, सर्वोच्चले खुट्टा नकमाओस् ।



**निर्मल प्रसाईं**

# लेबनानमा शान्ति सेनामाथि आक्रमण, उपरथी ढकाल घाइते



**काठमाडौं / मस** – युनिफिल लेवनानमा शान्ति सेनामाथि आक्रमण भएको छ । लेवनानको राजधानी बेरुतमा शान्ति सेनाका डेपुटी फोर्स कमाण्डर नेपाली सेनाका उपरथी चोकबहादुर ढकाललगायत सुरक्षाकर्मी सवार सवारी साधनमा उत्तेजित भीडले आक्रमण गरेको हो ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार घाइते भएका उपरथी ढकाललाई 'यूएन लेभल-३' अस्पतालमा पुऱ्याइएको थियो । अस्पतालले उनको स्वास्थ्य जोखिममुक्त रहेको जनाएको छ । उपरथी ढकाल कार्यकाल पूरा गरी स्वदेश फर्कने क्रममा थिए ।

घटनाका सम्बन्धमा युनिफिल मिसन मुख्यालयले प्रेस विज्ञप्ति जारी गर्दै दक्षिणी लेवनानमा सुरक्षा र स्थिरता स्थापना गर्न सेवा गरिरहेका शान्ति सैनिकमाथि भएको आक्रमणबाट स्तब्ध भएको जनाएको छ । शान्ति सैनिकमाथि भएको आक्रमणको निन्दा गर्दै संयुक्त राष्ट्र संघले लेवनान सरकारलाई घटनाको तत्काल अनुसन्धान गरी आवश्यक कारबाहीको माग गरेको छ । लेवनानका प्रधानमन्त्री र लेवनिज आर्मड फोर्सले तत्काल अनुसन्धान गरी संलग्न व्यक्ति तथा समूहलाई कारबाहीको दायरामा ल्याउने बताएका छन् ।

# उत्पादन र श्रमसँग शिक्षालाई जोड्न आवश्यक: विप्लव

**सूर्यप्रकाश बुढामगर / मध्यान्ह**
रोल्पा, ३ फागुन

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्र विक्रम चन्द(विप्लव)ले उत्पादन र श्रमसँग शिक्षालाई जोड्न आवश्यकता रहेको बताएका छन् । परिवर्तन गाउँपालिका-५ मा रहेको रोल्पा नमूना क्याम्पसको उद्घाटन कार्यक्रममा उनले प्राविधिक शिक्षासँग जोडिएर यहाँ उत्पादन हुने कृषि, व्यापार र व्यवसायिक रुपमा जोडिन आग्रह गरे ।

उत्पादन र श्रमसँग जोडिएपछि आर्थिक रूपमा समेत विद्यार्थी सम्पन्न हुने र देशमै दक्ष जनशक्ति उत्पादन हुने उनले बताए । अहिले नेपालको ठूलो समस्या युवा पलायन रहेको बताउँदै उनले एसईई तथा प्लस टु गरेपछि अमेरिका, अष्ट्रेलिया, जापान अध्ययन गर्न र रोजगारीको




लागि जाने गरेको बताए । उनले अब स्वदेश फर्कने वातावरण बनाउनुपर्नेमा जोड दिए । आफ्नो देशमा उत्पादनसँग जोडिएमा कसैलाई चन्दा माग्ने अवस्था नभएको बताउँदै अबको केही समयमा नेकपा आफ्नो निर्भर पार्टी बन्ने समेत उनले जिकिर गरे । जनतालाई पैसा कमाउने उपाय सिकाउन उत्पादनमा क्रान्ति, कृषिमा क्रान्ति र अर्थतन्त्रमा अर्को क्रान्ति आवश्यक रहेको उनले औंल्याए । नेपाली जनताको सुख शान्ति समृद्धि,विकास निर्माण र देशको विकासका लागि नेपाली कांग्रेस,नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा केही नभनी साझा एजेन्डामा एकजुट हुनुपर्नेमा उनको जोड थियो ।

## लिलाम विक्रीको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/११/०४**

यस सा.व.उ.स.बाट संकलित साल गोलिया काठ ६६३.५८ क्यू.फिट, साज गोलिया काठ १३४.५५ क्यू.फिट र साल दाउरा २.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**चिउरीभञ्ज्याङ सा. वन उपभोक्ता समूह, देवघाट २ तनहुँ ।**

## बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ,**
**गण्डकी प्रदेश, नेपाल**

### मौजुदा सूचीमा दर्ता गराउने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/०४**

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ मा सफ्टवेयरहरु निर्माण सम्बन्धी परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले योग्य तथा इच्छुक परामर्शदाता तथा सेवा प्रदायकहरुबाट तोकिए बमोजिमका आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको हुँदा सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (२०८१ फागुन ११ गतेभित्र) बेसीशहर नगरपालिकाको कार्यालयमा तपशिल बमोजिमको आवश्यक कागजात सहित निवेदन पेश गरी मौजुदा सूची दर्ता गराउन आह्वान गरिन्छ ।

**तपशिल :-**

- **संस्था वा फर्म दर्ताको प्रमाणपत्र**
- **मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्र**
- **कर चुक्ता प्रमाणपत्र**
- **आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्र**

## Siranchok Rural Municipality
## Office of the Rural Municipal Executive

**Chhoprak, Gorkha**
**Gandaki Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2081-11-04**
**Bid Submission Date: 2081-11-19, 12:00**

1. The Office of the Rural Municipal Executive, Siranchowk Rural Municipality, Chhoprak, Gorkha invites electronic bids from eligible bidders for the construction of following works under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. For purchasing of Bidding document bidders have to deposit the amount mentioned below at Revenue account No:12004010000001 of Global IME Bank Ltd. And if bidders wish to submit cash security, the cash should be deposited at Deposit Account No:12004010000016 of Global IME Bank Ltd.
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before the time mentioned above. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:05, 2081-11-19 at the office of Siranchowk Rural Municipality.

| S. N. | Contract No. | Brief Description of Works | Estimated amount (Excluding VAT & Contingency NRs) but with P.S | Bid Security Amount in NRs. | Bid Document fee (NRs) | Bid validity period |
|---|---|---|---|---|---|---|
| 1. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P6 | Sirchaur Bhitri Sadak Dhalan | 1,032,285.33 | 30000 | 1000 | As per Public procurement Acts and Regulations. |
| 2. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P7 | Drabbeyshaha Rajmarga Dekhi Thuloswara Sadak Nirman | 1,034,856.74 | 30000 | 1000 | |
| 3. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P8 | Jhakre Mahipate Simle Hudai Dudhpokhari Sadak Khanda Staronnati | 1,291,868.02 | 37500 | 1000 | |
| 4. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P9 | Khepuwa Firfire Sadak | 1,293,798.97 | 37500 | 1000 | |
| 5. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P10 | Aduwabari Tutung Chisapani Sadak | 1,034,995.39 | 30000 | 1000 | |
| 6. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P11 | Sahidget Daregauda Madkini Sadak | 1,034,842.80 | 30000 | 1000 | |
| 7. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P12 | Chipleti Thotneri Sadak Staronnati | 1,031,552.30 | 30000 | 1000 | |
| 8. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P13 | Ward no 6 Karalaya jane Sadak Staronnati | 1,293,883.76 | 37500 | 1000 | |

**Chief Administrative Officer**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८१/११/०४**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शाखा कार्यालय भुताहा, नवलपरासीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरु **लक्ष्मी पाण्डे** र श्री **युनिक आल्मुनियम एण्ड स्टिल उद्योग**को हकमा मिति २०८०/०७/१७ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, भुताहा नवलपरासीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणीहरु व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : सिटिजन्स एम. एस एम ई कर्जा- अधिविकर्ष**

**ऋणीको नाम : युनिक आल्मुनियम एण्ड स्टिल उद्योग**
दर्ता नं. : २७३/८०८७ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, नवलपरासी ब.सु.प.)
रजिष्टर्ड ठेगाना : बर्दघाट न पा.११, नवलपरासी ब.सु.प.
दर्ता मिति : बि.सं. २०७४/०७/१९
प्यान दर्ता नं. : ६०७१४६०६०

| फर्मको प्रोप्राइटरको नाम र ठेगाना | जमानीकर्ताहरुको नाम र ठेगाना |
|---|---|
| **नाम : रेश्मीराज पाण्डे**<br>बाबु : नेत्रलाल पाण्डे<br>वाजे : तुल्सीराम पाण्डे<br>पत्नी : लक्ष्मी पाण्डे<br>स्थायी ठेगाना : कारीकोट गा.वि.स.-०४, स्याङ्जा<br>हालको ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी ब.सु.प.<br>ना.प्र.नं. : ४२२०२३/३८३<br>जारी मिति : २०७०/०३/१७<br>जि.प्र.का : स्याङ्जा | **१. नाम : नेत्रलाल पाण्डे**<br>बाबु : तुल्सीराम पाण्डे<br>वाजे : हेमलाल पाण्डे<br>पत्नी : डीलीकला पाण्डे<br>स्थायी ठेगाना : कारीकोट गा.वि.स.-०४, स्याङ्जा<br>हालको ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी ब.सु.प.<br>ना.प्र.नं. : १६९६३<br>जारी मिति : २०५०/१२/०५<br>जि.प्र.का : स्याङ्जा |
| **२. नाम : डीलीकला पाण्डे**<br>बाबु : रत्नाखर पराजुली<br>ससुरा : तुल्सीराम पाण्डे<br>पति : नेत्रलाल पाण्डे<br>स्थायी ठेगाना: कारीकोट गा.वि.स.-०४, स्याङ्जा<br>हालको ठेगाना: बर्दघाट न पा.-११, नवलपरासी, ब.सु.प<br>ना.प्र.नं. : ९५२३<br>जारी मिति : २०४५/०२/२४<br>जि.प्र.का : स्याङ्जा | **३. नाम : लक्ष्मी पाण्डे**<br>बाबु : ज्यातीलाल खनाल<br>ससुरा : नेत्रलाल पाण्डे<br>पति : रेश्मीराज पाण्डे<br>स्थायी ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी, ब.सु.प<br>हालको ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी, ब.सु.प<br>ना.प्र.नं. : ३६-०१-७७-०५५२७<br>जारी मिति : २०७७/१२/०४<br>जि.प्र.का : नवलपरासी, ब.स.प |

**२. कर्जा शिर्षक : सिटिजन्स महिला उद्यमशीलता कर्जा**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताहरुको नाम र ठेगाना |
|---|---|
| **नाम : लक्ष्मी पाण्डे**<br>बाबु : ज्यातीलाल खनाल<br>ससुरा : नेत्रलाल पाण्डे<br>पति : रेश्मीराज पाण्डे<br>स्थायी ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी, ब.सु.प<br>हालको ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी, ब.सु.प<br>ना.प्र.नं. : ३६-०१-७७-०५५२७<br>जारी मिति : २०७७/१२/०४<br>जि.प्र.का : नवलपरासी, ब.स.प | **१. नाम : रेश्मीराज पाण्डे**<br>बाबु : नेत्रलाल पाण्डे<br>वाजे : तुल्सीराम पाण्डे<br>पत्नी : लक्ष्मी पाण्डे<br>स्थायी ठेगाना : कारीकोट गा.वि.स.-०४, स्याङ्जा<br>हालको ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी ब.सु.प.<br>ना.प्र.नं. : ४२२०२३/३८३<br>जारी मिति : २०७०/०३/१७<br>जि.प्र.का : स्याङ्जा |
| **२. नाम : नेत्रलाल पाण्डे**<br>बाबु : तुल्सीराम पाण्डे<br>वाजे : हेमलाल पाण्डे<br>पत्नी : डीलीकला पाण्डे<br>स्थायी ठेगाना : कारीकोट गा.वि.स.-०४, स्याङ्जा<br>हालको ठेगाना : बर्दघाट न पा.-११, नवलपरासी ब.सु.प.<br>ना.प्र.नं. : १६९६३<br>जारी मिति : २०५०/१२/०५<br>जि.प्र.का : स्याङ्जा | **३. नाम : डीलीकला पाण्डे**<br>बाबु : रत्नाखर पराजुली<br>ससुरा : तुल्सीराम पाण्डे<br>पति : नेत्रलाल पाण्डे<br>स्थायी ठेगाना: कारीकोट गा.वि.स.-०४, स्याङ्जा<br>हालको ठेगाना: बर्दघाट न पा.-११, नवलपरासी, ब.सु.प<br>ना.प्र.नं. : ९५२३<br>जारी मिति : २०४५/०२/२४<br>जि.प्र.का : स्याङ्जा |

**माथि उल्लेखित ऋणीहरु श्री युनिक आल्मुनियम एण्ड स्टिल उद्योग र लक्ष्मी पाण्डेले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरणः**

**धितो सुरक्षण धनीको नामः- डीलीकला पाण्डे**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| नवलपरासी ब.सु.प. | तिलकपुर | ४/क | ४८६ | ०-१-०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

ऋणि **लक्ष्मी पाण्डे**ले लिएको ऋणकर्जाको लागि माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट्/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय भुताहा, नवलपरासीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/११/१९ गते, सोमबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, भुताहा, नवलपरासी ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# ‘कर्मा’को छायांकन सम्पन्न



**काठमाडौं ⁄ मस–** ‘अगस्त्य’ फेम्ड निर्देशक सौरभ चौधरीको निर्देशनमा निर्माण भएको ‘कर्मा’को छायाकंन सम्पन्न भएको छ । मंसिरको अन्तिम सातादेखि सुरु भएको ‘कर्मा’को छायांकन दाङ आसपासका विभिन्न स्थानमा करिब ४६ दिन र काठमाडौंमा १२ दिन गरिएको हो ।

चलचित्र ‘कर्मा’को प्रदर्शन मिति नयाँ वर्षको अवसर पारेर २९ चैत तय गरिएको छ । नेपालमा रिलिज हुने दिनमै यो सिनेमा विदेशमा पनि एकसाथ प्रदर्शन हुने छ । ओभरसिज मार्केटमा सेभेन सिज सिनेमाले चलचित्र रिलिज गर्ने लागेको हो ।

‘कर्मा’को फर्स्ट लुक पोस्टर १ फागुनमा सार्वजनिक भएको थियो । निर्माण पक्षले चलचित्रका मुख्य कलाकारलाई फिचर्ड गर्दै २ वटा पोस्टर सार्वजनिक गरेको थियो, जसमा विपीन कार्की फिचर्ड थिए ।

सार्वजनिक पोस्टरले दर्शकमाझ उत्सुकता बढाएको छ । सेभेन सिज सिनेमाले पोस्टर रिलिज भएसँगै ओभरसिज मार्केटमा पनि दर्शकमा ‘कर्मा’प्रति चासो रहेको बताएको छ ।

एक्सन जनरामा यो चलचित्र निर्माण भएको छ । ‘कर्मा’ विपीनको पहिलो एक्सन सिनेमा हो, जसले दर्शकमा अझै कौतूहल बढाएको छ ।

‘कर्मा’मा विपीनसँगै उपासनासिंह ठकुरी, मुकुन भुसाल, दिव्यदेवलगायत कलाकारको अभिनय छ ।

मुकुन यो चलचित्रमा नेगेटिभ क्यारेक्टरमा छन् । एक्सन ड्रामा जनरामा निर्माण भएको सिनेमाको कथा निर्देशक चौधरी स्वयंले लेखेका हुन् ।

आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने ‘कर्मा’मा वसन्त लम्सालको लगानी रहने छ । निर्देशक चौधरीको ‘अगस्त्य : च्याप्टर १’ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो ।



## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **वाइ.के. मेनपावर एजेन्सी प्रा.लि.** (**श्रम इजाजत पत्र नं. १४३९/०७४/०७५**) मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| क्र. स. | नाम | नागरिकता नं | पद |
|---|---|---|---|
| 1. | Shyam Kumar Rai | 7/1934 | Public Relation Officer |

Y. K. Manpower Agency Pvt. Ltd.
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Web.: www.ykmanpower.com



# विशाल लुम्बिनी लोक दोहोरी अवार्डमा श्रेष्ठ सम्मानित

**काठमाडौं ⁄ मस–** स्वर्गीय कल्पना गैरे स्मृति फाउन्डेसनको सहयोगार्थ विशाल मुभिज प्रा. लि. अनामनगरद्वारा आयोजित चौथो राष्ट्रिय विशाल लुम्बिनी लोक दोहोरी अवार्ड, २०८१ सम्पन्न भएको छ । शनिबार पूर्वमन्त्री गोकर्ण विष्टको प्रमुख आतिथ्यमा चलचित्र विकास बोर्डको सभाहल चाबहिलमा अवार्ड कार्यक्रम सम्पन्न भएको हो ।



आयोजक संस्था विशाल मुभिज प्रा. लि.का अध्यक्ष तथा चर्चित गायक हुम गैरेको सभापतित्वमा सम्पन्न कार्यक्रममा बरिष्ठ लोक गायक प्रेमराजा महत, लोक गायिका प्राज्ञ टीका पुन, गायक कष्ण गैरे, बैकुष्ठ महत, पत्रकार सानु श्रेष्ठलगायत सम्मानित भए ।

लोक तथा दोहोरी गीतसँग सम्बन्धित करिब ३३ विधाका करिब ५० जना कलाकारलाई अवार्ड वितरण गरिएको कार्यक्रममा करिब १ दर्जन अग्रजदेखि अनुजसम्मका कलाकारहरूलाई अवार्ड तथा सम्मान प्रदान गर्नुका साथै विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । कार्यक्रमको सहजीकरण गायिका राशी रिजालले गरेकी थिइन् ।



## Marchawari Rural Municipality
## Office of the Rural Municipal Executive
**Raypur, Rupandehi Lumbini Province, Nepal**

### Invitation for Bid (E-BIDDING)

**First Notice Publication Date: 10 December, 2024**
**Second Notice Publication Date : Feb 16, 2025**

1. Marchawari Rural Municipality, Raypur, Rupandehi invites electronic bids only from eligible bidders for following works under Sealed Quotation procedure.

| S. N. | Name of work | Contract ID | Fee of Bid Document | Bid Validity Period | Estimated Amount (Exclusive of VAT and contingencies) | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount | Validity Period |
| 1. | Construction of Khop Clinic ward 3, Gangoliya | MRM/WORKS/ SQ/01/2081-8 | NRs 1000.00 | 45 days | NRs. 1,738,210.16 | NRs. 50000.00 | 75 days |
| 2. | Construction of Blacktop road from Dewangadiya chowk to Piparahawa Prahari Chauki | MRM/WORKS/ SQ/02/2081-82 | NRs. 1000.00 | 45 days | NRs. 872,531.65 | NRs. 25000.00 | 75 days |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| March 03, 2025 | 12:00 hrs | March 03,2025 | 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. Revenue Account Details:

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Marchawari Rural Municipality | Siddhartha Bank Ltd. | 01215382423 (Marchawari Gaunpalika Ga. 1.1 Aantrik Rajwso Khaata) | 01215156664 (MarchawariGaunpalika Ga 03 Dhrauti Khaata) |

4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

**Act. Chief Administrative Officer**

## Jayaprithvi Municipality
## Office of the Municipal Executive
**Chainpur, Bajhang**

### Invitation for Electronic Bids

**Date of publication: 2081/11/04**

Method of Procurement: Sealed quotations, Eligibility Procedure

1. Jayaprithvi Municipality, Bajhang invites electronic bids for following works from Nepalese eligible bidders for following works under Sealed quotations procedures. The estimated amount and the summary for the work are given below.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Including VAT and PS] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-SQ-14-2081/082 | Bhattaghar-Dillya hudai Bolyakhan Road Maintenance Work | 966080.12 | 26000 | 75 Day | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the *Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang*, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Account Name | JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Bank | Rastriya Banijya Bank | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2081/11/19 12:00 | 2081/11/19 12:00 | 2081/11/19 14:00 |

**Chief Administrative officer**

### Invitation for Bids

## Haripur Municipality
**Haripur, Sarlahi**
**Madhesh Pradesh, Nepal**

### Contract Identification No: NCB-02/2081/82

**First Date of publication:- 2081/11/04**

1. The Government of Nepal has allocated funds towards the cost of sarlahi jilla Haripur Na pa wada no 7 chitaen Hanuman mandir dekhi asanma jane mukhya bato starunnati at Haripur Municipality ward No-07 and intends to apply part of the funds to cover eligible payments under the Contract for NCB-02/2081/82. Bidding is open to all eligible Nepalese Bidders. The estimated amount of the work with vat is 74,91,490.57 (with Vat and PS).
2. Haripur Municipality, Haripur Sarlahi invites electronic bids from eligible bidders for the construction of school under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures.
3. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically by download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of the Project's Rs 3000.00 at Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Office : Haripur Municipality, Haripur, Sarlahi**
   **Name of Bank : NIC Asia Bank , Haripur, Sarlahi**
   **Account No. :- 0452050025949010**
5. Bidders must submit electronic bids only through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on before 2081/12/7. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2081/12/07 at the office of Haripur Municipality, Haripur Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of NRs 2,15,000 which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the Bid Security Amount in Bank:-
   **Name of Office : Haripur Municipality, Haripur, Sarlahi**
   **Name of Bank : NIC Asia Bank, Haripur, Sarlahi**
   **Account No. :- 0452050025949008**
